# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शैलीविज्ञान साहित्य समालोचना प्रणालीको एउटा नवीनतम विधा हो (शर्मा, २०४८, पृ. १) । साहित्यिक कृतिको अभिव्यक्तिको तरिकालाई भाषा वैज्ञानिक दृष्टिमा शैली भनिन्छ । यसैको वस्तुगत र वैज्ञानिक अध्ययन गर्ने प्रायोगिक भाषाविज्ञानको बृहत् क्षेत्रअन्र्तगत पर्ने एउटा क्षेत्र वा शाखा विशेष नै शैलीविज्ञान हो । यसलाई भाषाविज्ञान र साहित्यशास्त्रको मिलनविन्दु मानिन्छ (शर्मा, २०४८, पृ. ५) ।

शैली प्राचीन कालदेखि नै प्रचलित शब्द हो । 'शैली' शब्द पूर्वमा संस्कृतको 'शील' धातुबाट बनेको हो । संस्कृतको 'शी' धातुमा 'लक' प्रत्यय लागेर 'शील' शब्दको निर्माण भएको हो र 'शिल' शब्दमा 'ई' प्रत्यय जोडिई निर्माण भएको शैलीको अर्थ ढङ्ग, ढाँचा, परिपाटी, तरिका, रीति, मार्ग, वृति, आदि मध्ये कुनै पनि हुन सक्छ । 'शैली' शब्द अङ्ग्रेजीको 'style' शब्दको नेपाली रूपान्तरण हो । अङ्ग्रेजीको 'style' शब्दको व्युत्पति ल्याटिन 'stilus' शब्दबाट हालको 'style' शब्द बनेको देखिन्छ । ल्याटिन शब्द 'stilus' को प्राप्त सबैभन्दा पुरानो प्रयोग मइनमाथि लेख्न बनाइएको हाड वा धातुको कलम भन्ने अर्थमा गरिएको छ । पछि अर्थ परिवर्तन भई 'style' शब्दले वर्तमान अर्थ ग्रहण गरेको हो (शर्मा, २०४८, पृ. २) ।

शैलीलाई भाषिक दृष्टिले हेर्ने परम्परा प्राचीनकालदेखि नै थालनी भएको पाइन्छ । आधुनिक भाषा विज्ञानको क्षेत्रमा भने फर्डिनान्ड डी. सस्युरको आगमनसँगै शैलीविज्ञानको पनि आगमन भएको पाइन्छ । अङ्ग्रेजीको 'stylistics' शब्दको समानार्थीका रूपमा ग्रहण गरिएको शैलीविज्ञानको प्रमुख धारा वर्णनात्मक भाषाविज्ञानका प्रथम प्रवर्तक सस्युर र उनले भाषिक संरचनाको अध्ययन विश्लेषण गर्ने कार्यको थालनी गरेर भाषा क्षेत्रमा नौलो प्रयोगको थालनी गरे । सस्युरले भाषालाई ल्याङ (langue) र प्यारोल (parole) अर्थात् वाक् र बोली अभिव्यक्ति गरी दुई भागमा विभाजन गरेका थिए । त्यसैलाई आधार बनाएर उनका चेला चार्ल्स बालीले ल्याङलाई भाषाविज्ञानको विषय र प्यारोललाई शैलीविज्ञानको विषयका रूपमा विशिष्ट ढङ्गले परिभाषित गरेको देखिन्छ । हरेक अभिव्यक्ति वस्तुनिष्ठ हुने भएकाले फरकफरक अभिव्यक्ति, शैली देखा पर्नु स्वभाविक मानिन्छ (पौडेल, २०६९, पृ. ४२) ।

साहित्यिक शैलीको अध्ययन गर्ने परम्परा पूर्व र पश्चिम दुवैतिरका साहित्यशास्त्रमा प्राचीन कालदेखि नै प्रचलित रहेको भए पनि शैलीविज्ञान साहित्य समालोचनाको आधुनिक नयाँ

सिद्धान्त र पद्धति हो। भाषाशास्त्र र साहित्यशास्त्राका यी दुई नवीन प्रक्रिया र पद्धतिको सम्मिश्रणबाट शैलीवैज्ञानिक समालोचनाको पूर्णविकास भएको हो। शैलीविज्ञानको विकासमा सहयोग पुऱ्याउने साहित्यशास्त्रीय दृष्टिकोणहरूमा रसियाली रूपवाद रिचर्ड्स र इलियटका साहित्यशास्त्रीय मान्यता र धारणा, पोल्यान्डेली काव्यशास्त्र, फ्रान्सेली पाठकपरक साहित्यशास्त्र र अङ्ग्रेजी नयाँ समालेचना आदि उल्लेख्य छन् (भण्डारी र पौडेल, २०६९, पृ. ९५)।

उपर्युक्त परिभाषाका आधारमा शैली कुनै साहित्यिक कृति वा सन्दर्भमा अभिव्यक्त भाषा र सामाजिक भाषिकामा रहेको विशिष्ट प्रकार हो। यसमा कलात्मक प्रस्तुति रहेको हुन्छ। स्रष्टा वा वक्ताले यसको चयन र संयोजन विषय, व्यक्ति प्रयोजन र परिवेश अनुसार गर्दछ। यसको प्रयोग कथ्य वा लेख्य भाषामा हुन्छ। तसर्थ वक्ता वा सर्जकले अपनाउने भाषिक चयन, विचलन संयोजन, वितरण र कौशलको समग्रता नै शैली हो भन्ने निष्कर्ष प्रस्तुत गर्न सकिन्छ।

यस अध्ययनमा रामलाल जोशीद्वारा लिखित **सखी** (२०७५) उपन्यासको शैलीवैज्ञानिक विश्लेषण गरिएको छ। यो तराई क्षेत्रमा आदिमकालदेखि बसोबास गर्ने थारु विषयमा लेखिएको उपन्यास हो। तराईको सोझो, इमान्दार धर्तीपुत्र थारु जातिको आफ्नै इतिहास छ तर, यो समुदाय जमिनदारको रबैयाले कमैया, कमलरी हुन्थे। त्यसैगरी थारु केटीहरूको जीवन भोगाइ, कमैया मुक्ति आन्दोलन त्यसको सफलता आदि यस **सखी** उपन्यासमा संगालिएको छ।

जोशीको प्रस्तुत **सखी** उपन्यासका शैलीवैज्ञानिक अध्ययन गर्ने कार्य यस शोधपत्रमा गरिएको छ। उक्त उपन्यासको शैलीवैज्ञानिक अध्ययनअन्तर्गत कथानकको आधारमा र पात्र चरित्रको आधारमा विश्लेषण एवम् चयन, विचलन र समानान्तरताका आधारमा भाषिक विश्लेषण गरिएको छ। यस उपन्यासको शैलीवैज्ञानिक अध्ययन यसभन्दा पहिला कोही कसैबाट नभएको कारण यो अध्ययन नितान्त मौलिक र उपयोगी ठहरिने छ।

### १.२ समस्याकथन

रामलाल जोशीको सखीमा किस्मतीको जीवनी कहालीको वर्णन गरेका छन्। यसका साथै उनले माओवादी द्वन्द्व, कमैया र कमलरी आन्दोलन अघि र पछिको अवस्थालाई सजीव चित्रण गरेका छन्। आन्दोलनले विस्थापिन गरेकाहरूको कहानी जोडेका छन्। गरिबीको पहाडले थिचिएका थारुलाई माओवादी आन्दोलनले कसरी मिलिसिया र लडाकु बनायो, कसरी उनीहरूले आफ्नै मालिकसँग विद्रोह गरे ? यसको जवाफ सखीमा छ। कसरी उनीहरूको पुनर्वास गरियो आदि कुरा यस उपन्यासमा पाइन्छ। यसै सखी उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएका छ। प्रस्तुत अध्ययन निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

क) कथानकका आधारमा **सखी** उपन्यास के कस्तो छ ?

ख) चरित्रका आधारमा **सखी** उपन्यास के कस्तो छ ?

ग) विचलन र समानान्तरताका आधारमा **सखी** उपन्यास के कस्तो छ ?

घ) चयनका आधारमा **सखी** उपन्यास के कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्यहरू

प्रस्तुत अध्ययनका उद्देश्यहरू निम्नअनुसार रहेका छन्:

१) कथानकका आधारमा **सखी** उपन्यासको विश्लेषण गर्नु ।

२) चरित्रका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु ।

३) विचलन र समानान्तरताका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु ।

४) चयनका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य र महत्त्व

उपन्यासलाई विविध दृष्टिकोणबाट व्याख्या विश्लेषण गर्नु एउटा महत्त्वपूर्ण एवम् औचित्यपूर्ण कार्य हो । यसले उपन्यास विधालाई परिस्कार र परिमार्जन गर्न मद्दत गर्दछ । **सखी** उपन्यासको शैलीवैज्ञानिक अध्ययनबाट कृतिमा प्रयोग भएका भाषिक संरचना एवम् कृतिको प्रस्तुतिगत शैलीको जानकारी हुनुको साथै कृतिको अध्ययनबाट प्राप्त निष्कर्षहरूको अध्ययनबाट लेखकलाई भावी दिनहरूमा कृतिका कमी कमजोरी सुधार गरी परिमार्जन गर्न र नयाँ कृतिहरूको सिर्जना गर्न थप पृष्ठपोषण पुग्ने देखिन्छ ।

पाठ्यक्रम निर्माताहरूलाई पनि साहित्यिक कृतिको शैलीवैज्ञानिक अध्ययनबाट त्यस्ता साहित्यिक कृतिलाई पाठ्यक्रममा समावेश गर्ने प्रेरणा मिल्ने देखिन्छ। यस्तैगरी औपन्यासिक कृतिहरूको अध्ययनबाट विद्यार्थीहरूको ज्ञानको दायरा फराकिलो हुने गर्दछ। त्यसैगरी भावी अनुसन्धानकर्ताहरूलाई पनि उक्त कृतिको थप मूल्याङकन गर्न तथा अन्य कृतिहरूको शैलीवैज्ञानिक अध्ययन गर्न महत्त्वपूर्ण भूमिका एवम् मार्ग निर्देशकको रूपमा सहयोग पुग्ने भएकाले यसको महत्त्व एवम् औचित्य स्पष्ट देखिन्छ। कुनै पनि कृतिको शैलीवैज्ञानिक अध्ययन गर्नाले कृतिमा स-साना र अनावश्यक ठानेर छाडिएका पक्षहरूको सूक्ष्म रूपमा अध्ययन तथा विश्लेषण गरिएकाले भाषाशैली, वाक्यगठन, शब्दगठन, भाषिक चयन, विचलन एवम् समानान्तरताका बारेमा समेत जानकारी प्राप्त गर्न सकिन्छ।

प्रस्तुत अध्ययन सुदूर पश्चिम धनगढीमा बसोबास गर्ने उपन्यासकार रामलाल जोशीद्वारा लेखिएको कृति **सखी** उपन्यासको शैलीवैज्ञानिक अध्ययनमा सीमित रहने यस अध्ययनबाट

साहित्यिक विषयवस्तुहरूको अध्ययन गरी शैलीवैज्ञानिक तथ्याङ्कहरू प्रस्तुत गरिने हुँदा कृतिको विश्लेषणबाट प्राप्त निष्कर्षले पाठकवर्ग, उपन्यासकार, शिक्षक, समालोचक, पाठ्यक्रमविद्, अनुसन्धानकर्ता, पाठ्यपुस्तक लेखक एवम् विश्लेषकहरूलाई समेत फाइदा पुग्ने भएकाले यसको महत्त्व तथा औचित्य उल्लेखनीय रहेको छ ।

उपन्यासकार रामलाल जोशीद्वारा लेखिएको **सखी** एक उत्कृष्ट उपन्यास भएका कारण यसको महत्त्व स्पष्ट झल्किन्छ । त्यसैगरी उपन्यासका साथ साथै अन्य औपन्यासिक कृतिहरूको वस्तुपरक अध्ययनबाट समालोचकीय क्षमतामा समेत सहयोग पुग्ने देखिन्छ । यसरी प्रस्तुत कृतिको यस भन्दा अगाडि तथा शैलीवैज्ञानिक विश्लेषण शीर्षक अध्ययन अनुसन्धान हालसम्म कोही कसैले नगरेको हुँदा यो नितान्त मौलिक अनुसन्धान हो । त्यसैले पनि यस अध्ययन औचित्यपूर्ण रहेको छ ।

### १.५ अध्ययनको सीमा

प्रस्तुत शोधपत्रका लागि सीमामा बाँध्नु आवश्यक हुन्छ । त्यसैले यस शोधपत्रका लागि निम्न सीमा तोकिएका छन् :

क) **सखी** उपन्यासको शैलीवैज्ञानिक अध्ययनमा केन्द्रित रहेको छ ।

ख) **सखी** उपन्यासका मुख्यमुख्य नारी तथा पुरुष पात्रहरूको चरित्र चित्रणका आधारमा केन्द्रित रहेको छ ।

ग) **सखी** उपन्यासको कोशीय विचलन, व्याकरणिक विचलन, ध्वनि प्रक्रियात्मक विचलन र अर्थतात्विक विचलनमा केन्द्रित रहेको छ ।

ग) सखी उपन्यासको आन्तरिक समानान्तरता र बाह्य समानान्तरतामा केन्द्रित रहेको छ ।

### १.६ अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्र **सखी** उपन्यासको शैलीवैज्ञानिक अध्ययनको रूपरेखालाई निम्नानुसार देखाइएको छ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक/धारणात्मक संरचना

अध्याय तीन : अध्ययनको संरचना वा विधि

अध्याय चार : नतिजा/परिणाम र छलफल

अध्याय पाँच : निष्कर्ष, सुझाव तथा उपयोगिता

सन्दर्भसामग्री

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक पक्ष

## २.१ पूर्वकार्यको समीक्षा

प्रस्तुत अनुसन्धानका सिलसिलमा सम्बन्धित विषयमा यसअघि सम्पूर्ण गरिएका कार्यहरूको व्यवस्थित अध्ययन गरी सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । कुनै पनि विषयमा अनुसन्धान वा शोधकार्य गर्दा सम्बन्धित विषयमा पहिले के कति अध्ययन अनुसन्धान भएका छन् के कति बाँकी छन भन्ने कुरा शोधार्थीलाई हुनुपर्दछ। यस कुराको समीक्षात्मक अध्ययन शैलीविज्ञानसँग सम्बन्धित भएकाले यस कार्यसँग सम्बन्धित पुस्तक र शोधकार्यको समीक्षा निम्नानुसार गरिएको छ :

शैलीविज्ञानसँग सम्बन्धित धेरै पुस्तकहरू लेखिएका पाइन्छन् यस्ता। पुस्तकहरूका अध्ययनबाट शैलीविज्ञानसँग सम्बन्धित कुराहरूको जानकारी बृहत् रूपमा पाउन सकिन्छ र कृतिको शैलीवैज्ञानिक अध्ययन गर्न सहज हुन जान्छ। प्रस्तुत अनुसन्धानसँग सम्बन्धित पूर्वकार्यहरूको समीक्षा निम्नानुसार गरिएको छ :

ढुङ्गेल (२०५९) द्वारा **शिरीषको फूल** उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकको शोधकार्य सम्पन्न गरिएको छ। उक्त शोधपत्रमा (क) शिरीषको फूल उपन्यासमा प्रयुक्त भाषिक पक्षको विश्लेषण, (ख) विसङ्गतिवादी र शून्यवादी दृष्टिकोणले विश्लेषणलाई अध्ययनको उद्देश्य मानिएको पाइन्छ। पुस्तकालयीय र वर्णनात्मक विधिको प्रयोग गरिएका त्यस शोधमा शिरीषको फूल उपन्यास सफल भएको छ भन्ने निष्कर्ष निकालिएको छ। शिरीषको फूल उपन्यासको शैलीवैज्ञानिक अध्ययनबाट आएको निष्कर्षले शैलीवैज्ञानिक विश्लेषणसम्बन्धी तथ्यहरू तथ्य विश्लेषण गर्नमा मद्दत गर्दछ।

नेपाल (२०६३) द्वारा **लङ्गडाको साथी** उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ। उक्त शोधपत्रमा (क) लङ्गडाको साथी उपन्यासको कथानकको विकास, (ख) उक्त उपन्यासका चरित्रलाई शैलीवैज्ञानिक आधारमा विश्लेषण र वर्गीकरण तथा (ग) भाषाका आधारमा लङ्गडाको साथी उपन्यासको विश्लेषणलाई समस्या मानी तिनीहरूको विश्लेषण गर्नुलाई उद्देश्य राखी पुस्तकालयीय विधिको उपयोग गरी विषयवस्तुमा स्पष्टता र दिशानिर्देश गर्नलाई विश्लेषणात्मक विधिको उपयोग गरिएको छ। उक्त अध्ययनबाट लङ्गडाको साथी उपन्यास अतिसामाजिक यथार्थवादी धरातलमा सिर्जना भएको तथा अतियथार्थवादलाई औल्याइएको उत्कृष्ट उपन्यास हो भनिएको छ। पशु र मानवबिच सिर्जना भएको र आत्मीयताको कारण लङ्गडाको साथी उपन्यासको प्रमुख पात्र लङ्गडाको मृत्युपश्चात कुकुर पनि भाव

विह्वलताले गर्दा करुण रसको उद्बोध गराएको छ भनी निष्कर्ष निकालिएको छ । लङ्गडाको साथी उपन्यासको शैलीवैज्ञानिक अध्ययनको निष्कर्षले प्रस्तुत शोधको शैलीवैज्ञानिक समस्यासँग सम्बन्धित तथ्यहरूको विश्लेषणका निम्ति आंशिक आधार प्रदान गर्दछ ।

भण्डारी (२०७०) द्वारा **मातेको मान्छेको भाषणः मध्यरातपछिको सटकसित** कविताको शैलीवैज्ञानिक अध्ययन शीर्षकको शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधपत्रमा (क) चयन, विचलन समानान्तरता, (ख) विविध साहित्यिक संरचनाका आधारमा मातेको मान्छेको भाषण मध्यरात पछिको सटकसित कविताको विश्लेषणलाई समस्याका रूपमा राखी तिनीहरूको विश्लेषण गर्नुलाई उद्देश्य बनाइएको पाइन्छ । पुस्तकालयीय विधि र आवश्यकताअनुसार वर्णनात्मक विधिका आधारमा सागम्री सङ्कलन गरिएको छ । उक्त शोधमा चयन, विचलन, समानान्तरता, विविध भाषिक संरचनाका आधारमा सामग्रीको विश्लेषण प्रक्रियात्मक ढङ्गले गरिएको पाइन्छ । उक्त अध्ययनले कविताको भौतिक आधारमा ठूलो भए तापनि तत्त्वगत आधारमा सबल र सुगठित रहेकोले सुन्दर शक्तिशाली र विशिष्ट बनेको तथा कोशीय र भाषिकागत विचलन, सादृश्य विचलन र अन्तरभाषिक विचलनको अवस्था र स्थिति सौन्दर्यपूर्ण सार्थक रहेकाले कविता सबल सरल र सहज छ भन्ने निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधकार्यले शैलीगत विशिष्टतालाई पाठ्यक्रमभित्र समावेश गर्न सहयोग पुऱ्याउँछ ।

कार्की (२०७१) द्वारा **यमपुरीको महल** उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त यमपुरीको महल उपन्यासका (क) कथानक विश्लेषण (ख) चयन, विचलन र समानान्तरताका आधारमा यमपुरीको महल उपन्यासको विश्लेषणलाई समस्या मानिएको छ । पुस्तकालयीय विधि, प्रयोगशाला विधि, निगमनात्मक, आगमनात्मक विधिको प्रयोग गर्दे प्राथमिक र द्वितीयक स्रोत सामग्रीको प्रयोग गरिएका यस अध्ययनले यमपुरीको महल उपन्यासका विषयवस्तुलाई नवीन ढङ्गले प्रस्तुत गरिएको निष्कर्ष निकालिएको देखिन्छ । डायास्पोरिक श्रमिकको विषयलाई उद्घाटन गरी पूर्व दीप्ति शैलीमा लेखिएको लेखन अनुभवले कुशल संयोजन र चेतन प्रवाह शैलीको प्रस्तुति आकर्षक बनेको पाइन्छ तथा यसै गरी नेपाली उपन्यासका क्षत्रमा एउटा नौलो आयाम थपी पाठक तथा समालोचकलाई अर्को ढोका खोलिदिएको कुरा निष्कर्षको रूपमा देखाइएको छ ।

पोखरेल (२०७२) द्वारा **माउसुली कथाको शैलीवैज्ञानिक अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधपत्रमा (क) चयनका आधारमा माउसुलीको कथाको विश्लेषण, (ख) विचलनका आधारमा कथाको शैलीवैज्ञानिक अध्ययन गर्नु र (ग) समानान्तरताका आधारमा विश्लेषण गर्नुलाई समस्या मानी तिनीहरूका समाधानलाई उद्देश्य बनाइएको पाइन्छ । पुस्तकालयीय विधि, वर्णनात्मक विधि र विश्लेषणात्मक विधिको उपयोग गर्दै प्राथमिक र द्वितीयक

स्रोत सामग्रीको प्रयोग गरी लेखिएका उक्त अध्ययनमा कथानकको आदि, मध्य र अन्त्य क्रम नमिलेको, शब्दचयनको अवस्था उत्कृष्ट रहेको, अर्थतात्त्विक विलनको अवस्था त्यति नदेखिएको, आन्तरिक समानान्तरताको अर्थलाई मजबुत बनाइएको निष्कर्ष निकालिएको छ । माउसुलीको कथाको शैलीवैज्ञानिक अध्ययनले प्रस्तुत चोरिएकोनिद्रा कथाको शैलीवैज्ञानिक निम्ति धेरथोर आधार प्रदान गर्दछ ।

यसै गरी जोशी (२०७२) द्वारा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषाशिक्षा विभाग कीर्तिपुरमा **कर्तव्य कथाको शैलीवैज्ञानिक अध्ययन** शीर्षकमा स्नातकोत्तर शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । उक्त शोधमा (क) कर्तव्य कथामा केकस्ता समानान्तरताको प्रयोग पाइन्छ, (ख) यस कथाामा चयन र विचलनको प्रयोग केकस्तो छ र (ग) केकस्ता शैली चिन्हको प्रयोग गरिएको छ भन्ने समस्याका रूपमा लिइएको छ । यस अनुसार कर्तव्य कथामा समानान्तरताको अध्ययन, चयन र विचलनका आधारमा प्रस्तुत कथाको विश्लेषण र विवेच्य कथामा शैलीचिह्नको अध्ययन गर्नुलाई उद्देश्य बनाइएको पाइन्छ । प्राथमिक स्रोतबाट सामग्रीको सङ्कलन र द्वितीयक स्रोतअन्तर्गत पुस्तकालयीय विधिबाट सैद्धान्तिक आधार तयार पारी व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएका यस शोधमा  लामा र छोटा वाक्यको प्रयोग, चिन्हहरूको उपयुक्त प्रयोग, चयन, विचलन र समानान्तरताले गर्दा काव्यात्मक भाषाको प्रयोग गरिएकाले कर्तव्य उत्कृष्ट कथा बनेको निष्कर्ष निकालिएको पाइन्छ ।

भट्टराई (२०७४), द्वारा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषाशिक्षा विभाग जनता बहुमुखी क्याम्पस इटहरीमा **'ग्रेट फल्स' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकमा स्नातकोत्तर शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । उक्त शोधका उद्देश्यहरूमा ग्रेट फल्स उपन्यास क्रियापद चयनको अध्ययन गर्नु, ग्रेटफल्स उपन्यासमा रहेको विचलनको अध्ययन गर्नु रहेको छ भने अध्ययन विधिअन्तर्गत पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । ग्रेट फल्स उपन्यासमा मानिसहरू अमेरिका जान किन तत्पर हुन्छन् र गएपछि कसरी उतैतिर बस्छन् भन्ने कुराको नाटकीय ढङ्गबाट यथार्थ प्रस्तुत गरिएको छ । कहीँ वर्तमानकालिक क्रियापद, कहीँ भूतकालिन र कहीँ भविष्यत्कालिन क्रियापदको प्रयोग गर्दै उपन्यासलाई सरल, सहज र सुव्यवस्थित पार्न प्रशस्तै व्याकरणिक विचलनको पनि प्रयोग गरिएको निष्कर्ष निकालिएको छ ।

बजगाई (२०७५), द्वारा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषाशिक्षा विभाग जनता बहुमुखी क्याम्पस इटहरीमा **'कर्नाली ब्लुज' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकमा स्नातकोत्तर शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । उक्त शोधका उद्देश्यहरूमा १) कथानकका आधारमा कर्नाली ब्लुज उपन्यासको विश्लेषण गर्नु, २) चरित्रका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु, ३) विचलन र समानान्तरताका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु,

४) चयनका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु रहेका छन् । उक्त उपन्यासको विश्लेषण गर्दा प्रमुख विधिका रूपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ भने आवश्यक मात्रामा वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको समेत प्रयोग गरिएको छ। प्रस्तुत कर्नाली ब्लुज उपन्यासको कथानकको क्रमबद्ध ढाँचामा प्रस्तुत भएकाले आदि मध्य र अन्त्यको क्रम मिलेको देखिन्छ। त्यसैगरी नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, निपात, संयोजक, विस्मयादिबोधक आदि शब्दहरूको समुचित विन्यासले उपन्यासको भाषा आकर्षक र प्रभावकारी बन्न पुगेको देखिन्छ। तसर्थ यिनै आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गरिएको छ। त्यसैगरी विचलन अन्तर्गत पनि व्याकरणिक, ध्वनिप्रक्रियात्मक, भाषिक विचलन आदिका आधारमा कर्नाली ब्लुज उपन्यासको भाषिक विश्लेषण गरिएको छ। अन्य विचलनका तुलनामा भाषिक विचलन बढी देखिन्छ। यसले गर्दा उपन्यासको भाषा सरल, सरस, आकर्षक र प्रभावकारी बन्न पुगेको निष्कर्ष निकालिएको छ।

यसरी शैलीविज्ञानलाई आधार बनाएर विभिन्न साहित्यिक कृतिहरू कथा, कविता, निबन्ध, उपन्यास र नाटकको शैलीवैज्ञानिक अनुसन्धान गरिएको पाइन्छ। विभिन्न दृष्टिकोणबाट सार्हित्यक कृतिको विश्लेषणात्मक अध्ययन गरी साहित्यलाई प्रस्ट्याउने कार्य भएको छ। यस्ता अनुसन्धानमूलक शोधपत्रबाट तथ्यपरक सिकाइ हुने कुरा स्पष्ट हुन्छ। यस्ता शैलीवैज्ञानिक शोधपत्रहरू शिक्षक, विद्यार्थी, साहित्यकार र सम्बन्धित सबैका लागि उपयोगी हुने देखिन्छन् ।

## २.२ सैद्धान्तिक/धारणात्मक संरचना

### २.२.१ शैली

भाषिक संरचना र साहित्यिक संरचनालाई जोड्ने कार्य शैलीले गर्दछ। यो कृति संरचनाको मध्यवर्ती स्थिति हो। शैलीविज्ञानले भाषिक शैलीको प्रमुख अथवा शीर्षकृत सम्बन्ध सूत्रलाई पहिल्याएर विभिन्न पक्षबाट शैलीको पहिचान गर्ने वा विश्लेषण गर्ने प्रयास गर्दछ। कृतिको सौन्दर्य निर्माणमा शैलीले महत्त्वपूर्ण भूमिका निर्माण गर्दछ। यसअन्तर्गत निम्न लिखित तीन पक्षहरू पर्दछन् :

**क) विकल्पन र चयन**

विकल्पको अर्थ यो वा अन्य भन्ने हुन्छ भने चयनको अर्थ छनोट हुने गर्दछ। कृतिकारले विभिन्न विकल्पहरूको माझबाट उपयुक्त विकल्पहरूको छनोट गरेको हुन्छ। भाषाका विभिन्न स्तरहरू वर्ण, रूप, पदावली, शब्द, वाक्य, शैली तथा अर्थगत व्यापकताबाट आवश्यकताअनुसार खास खास एकाइको छनोट गर्नु नै चयन हो। छन्दका विभिन्न विकल्पहरू मध्ये कुनै एकको छनोट गर्नु विभिन्न अलङ्कारमध्ये कुनै एकको छनोट गर्नु, विभिन्न चयन र परिवेश आदिबाट

सान्दर्भिक पक्ष छान्नु चयन सम्बन्धी कार्य हो । चयन सचेत र असचेत दुवै रूपमा हुन सक्छ ( नेपाल, २००९, पृ. ४५) ।

विकल्पन र चयनको मुख्य उद्देश्य कृतिभित्र नवीनता ल्याउनु, कथन, अभिव्यक्तिमा सार्थकता बढाउनु, भनाइलाई आकर्षक बनाउनु, अर्थगत सूक्ष्म पाटाहरू उद्घाटित गर्नु अग्रभूमि निर्माण र विशिष्ट शैली प्रदर्शनका लागि जीवन्त उपाय अबलम्बन गर्नुमा केन्द्रित हुन्छ ।

**ख) अग्रभूमि निर्माण**

कृति रचनाको कुनै अंशलाई विशिष्ट तुल्याउन वा अन्य कृतिकारको रचनाभन्दा छुट्टै शैली, ढाँचा वा प्रवृत्तिको पहिचान दिन कुनै पनि पक्ष विशेषमा जोड दिनु नै अग्रभूमि निर्माण हो (पौडेल, २०६९ : ५०) । कृतिकारले आफ्नो छुट्टै पहिचान बनाउने र कृतिमा विशिष्टता ल्याउने कोसिस गरेको हुन्छ । कृतिकारले यस्तै फरकपन देखाउने प्रवृत्ति र प्रयास नै अग्रभूमि निर्माण हो । पृष्ठ भागमा रहेको दृश्य वा सूचनालाई अग्रभागमा ल्याई नवीनता वा मौलिक सिर्जना गर्नु नै अग्रभूमि निर्माणको खास प्रयास हो ।

प्रथमतः कला वा चित्रकारिताका क्षेत्रमा प्रचलित अग्रभूमि निर्माणको प्रथम प्रयोग गर्ने व्यक्ति प्राग सम्प्रदायका भाषाविद् मुकारोभ्स्कीले सन् १९३० मा गरेको हुन् । उनका अनुसार यसले भाषा प्रयोगमा असामान्यता, अप्राकृतिकता गराई सौन्दर्य र नवीनता सिर्जना गर्दछ । अग्रभूमि निर्माण मूलतः दुई तरिकाले गर्न सकिन्छ :

**अ) समानान्तरता**

भाषामा प्रयोग हुने नियमित पुनरावृत्ति नै समानान्तरता हो (पौडेल, २०६९, पृ. ५२) । यो उद्देश्यमूलक र सार्थक हुने गर्दछ। समानान्तरता शब्द र धारणाका प्रथम प्रयोक्ता प्राग सम्प्रदायका भाषाविद् रोमन याकोब्सन हुन् । समानान्तरता भाषाका विभिन्न स्तरहरू वर्ण, रूप, शब्द, पदावली, वाक्य, लय तथा अर्थका रूपमा फेला पार्न सकिन्छ। यो मुख्यतः दुई किसिमको हुन्छ :

क) बाह्य समानान्तरता

ख) आन्तरिक समानान्तरता

**क) बाह्य समानान्तरता**

साहित्यिक कृतिको आवरण पक्ष अर्थात् वर्ण, रूप, शब्द, पदावली, वाक्य, लय तथा अलङ्कारमा देखापर्ने नियमित आवृत्ति वा पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ (पौडेल, २०६९, पृ. ५२) यो ठोस र स्थूल प्रकृतिको हुन्छ ।

**ख) आन्तरिक समानान्तरता**

अर्थको पुनरावृत्ति हुनुलाई आन्तरिक समानान्तरता भनिन्छ । यो भावार्थ वाच्यार्थ गरी दुई प्रकारको हुन्छ । भावार्थ भनेको भाव वा विचार पक्षको पुनरावृत्ति भन्ने बुझिन्छ भने मुख्य अर्थको पुनरावृत्ति हुनु वा अभिधा शब्दशक्तिको पुनरावृत्तिलाई वाच्यार्थ समानान्तरता भनिन्छ । यसमा आँखा तिरमिर गर्नु र नजर रिमझिम गर्नु दुवैले सौन्दर्य आकर्षकको भावगत समानान्तर देखाइएको छ अथवा आँखा तिरमिर गर्नु र नजर रिमझिम गर्नुमा समानान्तरता छ । आन्तरिक समानान्तरता सूक्ष्म र अमूर्त किसिमको हुन्छ । यसले भावगत सघनतालाई थप उचाइमा पुऱ्याउँदछ ।

**आ) विचलन**

विचलन समानान्तरताको विपरीत तत्व हो । मानक भाषाको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ । (शर्मा, २०४८, पृ. ११) । भाषाको प्रचलित ढाँचालाई अतिक्रमण गरी सौन्दर्य प्रदान गर्नु नै विचलन हो । यस्तो अतिक्रमण उद्देश्यमूलक र सार्थक ढङ्गको हुने गर्दछ । भाषविद् सस्यूरको ल्याङ र प्यारोल मध्ये प्यारोलको अवधारणासँग विचलनलाई जोडेर हेर्न सकिन्छ । किनभने कृतिमा भएको भाषा प्यारोल हो ।

**ग) विविधता**

विषय र प्रयोगकर्ताको अनुसार एउटा भाषामा विभिन्न भेदहरू देखा पर्दछन् । यिनै भेदहरूलाई विविधता भनिन्छ (शर्मा, २०४८, पृ. ११) । स्रष्टाले सिर्जना गरेको कृतिहरूमा जति सक्दो प्रभावकारी र आकर्षक बनाउन भाषा तथा अन्य विविध खालका उपकरणको प्रयोग गरेका हुन्छन् । शैलीविज्ञानले प्रयोग र प्रयुक्तिका आधारमा कृतिको विविधताको विश्लेषण गर्दछ ।

### २.२.२ भाषिक संरचना

आधार सामग्रीका रूपमा रहने भाषिक संरचना कृतिको माध्यम वा आधार हो । यसमा निम्नलिखित तीन पक्षभित्र केन्द्रित रहेर साहित्यिक कृतिको अध्ययन गरिन्छ :

**क) ध्वनि वा वर्ण व्यवस्था**

साहित्यिक कृतिमा रहेका खण्डीय र खण्डेत्तर वर्ण तथा ध्वनिको विश्लेषण गर्ने कार्य ध्वनि वा वर्ण व्यवस्थाभित्र गरिन्छ । यस सन्दर्भमा ध्वनिविज्ञान र वर्णविज्ञानको समेत सहयोग लिइन्छ । ध्वनि विज्ञान र वर्ण विज्ञानका सहयाताले कृति गत वर्ण व्यवस्थाको बयान र विश्लेषण गरिन्छ । (पौडेल, २०६९, पृ. ४६)

**ख) शब्दभण्डार व्यवस्था**


कृतिमा रहेका जम्मा शब्द सङ्ख्या शब्दहरूको स्रोत र प्रकार, कार्य तथा शब्दार्थ सम्बन्ध के कस्तो रहेको छ भनेर शब्दभण्डार व्यवस्थाभित्र रहेर अध्ययन गरिन्छ । यसमा रूपविज्ञान र अर्थ विज्ञानका सहायताले कृतिगत शब्द भण्डार व्यवस्थाको बयान विश्लेषण गरिन्छ (पौडेल, २०६९, पृ. ४७) ।

**ग) व्याकरण व्यवस्था**

यस अन्तर्गत रूप प्रक्रिया अर्थात रूपायन र व्युत्पादन, प्रक्रिया, पदसङ्गति, पदावलीको निर्माण, उपवाक्य र वाक्य, व्याकरणात्मक कोटिहरू, रूपान्तरण प्रक्रिया तथा तिनीहरूको कार्यको समीक्षा र मूल्याङ्कन व्याकरण व्यवस्थाभित्र गरिन्छ । यसमा कृतिभित्रको व्याकरणिक व्यवस्थालाई हेरिन्छ । यस सन्दर्भमा रूपविज्ञान र वाक्य विज्ञानको सहायताले कृतिगत व्याकरणिक व्यवस्थाको बयान विश्लेषण गरिन्छ (पौडेल, २०६९, पृ. ४७) ।

**कथानकको विकासक्रम**

कथानक भन्नाले कुनै पनि कृतिको कथावस्तुको रूपमा आउने विषय हो । कथानक कृति विश्लेषणको महत्त्वपूर्ण आधार हो । कृतिकारले आफ्नो कृतिमा विभिन्न घटना उपघटनाहरूलाई क्रमिक रूपमा सिलसिलाबद्ध ढङ्गले मिलाएर राखेको पाइन्छ । कथानकमा नै श्रष्टाले आफ्नो विचार, बौद्धिकता, धारणा अभिव्यक्ति गरेको हुन्छ । कथानकको आङ्गिक विकास भनेको आदि, मध्य र अन्त्यको समुचित विन्यास हो । आङ्गिक दृष्टिले पूर्ण भएको कथानक मा आदि, मध्य र अन्त्यको अवस्था विकसित भएको हुन्छ (भण्डारी, २०६६, पृ. २३८) । फ्रेटागको पिरामिड अनुसार कथानकको विकासक्रमलाई पाँच चरणमा विभाजन गरेर अध्ययन गरिन्छ । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :




(शर्मा, २०४८, पृ. १७१)

कथानकको स्रोत जुनसुकै भएपनि यसको विन्यास दुई किमिमले संयोजन गरिएको हुन्छ । जसमा रैखिक र वृत्तकारिय पर्दछन् । यहाँ रैखिक ढाँचामा प्रस्तुत भएका कथानकलाई आदि, मध्य र अन्त्यको ढाँचामा अध्ययन गर्न सकिन्छ । फ्रेटागको पिरामिडमा प्रस्तुत गरिएका कथानक विकासक्रमलाई तल प्रस्तुत गर्न सकिन्छ :

**चिनारी**

कथानक विकासको प्रारम्भिक अवस्था नै चिनारी हो । यो कथानक विकासको पहिलो अवस्था हो । यस भागमा कृतिभित्रका मुख्य पात्रहरूको र कृतिभित्रको समस्या तथा परिवेशका साथै पात्रहरूका सङ्घर्षको जानकारी प्रस्तुत गरिएको हुन्छ ।

**सङ्घर्ष विकास**

सङ्घर्ष विकास कथानक विकासको दोस्रो अवस्था हो । कुनै आकस्मिक परिस्थितिका कारण पात्रहरूका सामु नौलो समस्या उत्पन्न हुन्छ । पात्रहरूमा सङ्घर्ष हुन थाल्दछ । त्यसपछि कृतिभित्र प्रथम पटक सङ्कटावस्थाको विजारोपण हुन्छ ।

**चरण**

चरण कथानक विकासको तेस्रो अवस्था हो । सुरूमा सङ्कटावस्थाको श्रृङ्खलाको कारण कथानकलाई उच्च बिन्दुमा पुऱ्याउने काम गर्दछ  र पछि गम्भीर अवस्था सिर्जना गरिदिन्छ । साथै प्राप्त सन्देशहरूबाट पाठकहरूको मनमा उथल पुथल गराई नयाँ सम्भावना तथा स्वरूप लिने भएकाले यो अवस्थालाई सबैभन्दा महत्त्वपूर्ण र गम्भीर अवस्था मानिन्छ ।

**सङ्घर्षह्रास**

यो कथानक विकासको चौथो अवस्था हो । कथानक चरमोत्कर्ष रूपबाट बिस्तारै ह्रासोन्मुख बाटोतिर लाग्नु नै ह्रास हो । यस अवस्थामा द्वन्द्व र सङ्घर्ष कम भएर घटनाहरू फल प्राप्तितिर उन्मुख हुन्छन् । यस अवस्थामा चर्को सङ्घर्ष शिथिल भई कुनै कार्य निर्माणका निम्ति सङ्घर्ष कार्य समाप्त हुन पुग्छ ।

यो कथानक विकासको अन्तिम अवस्था हो । यस अवस्थामा व्यस्त पात्रहरूको सङ्घर्षशील अवस्था बाँकी रहेको हुँदैन । पात्रहरूले आफ्नो सङ्घर्ष अनुसारको फल प्राप्त गर्दछ र समस्याको समाधान हुन्छ ।

**पात्र/चरित्रको वर्गीकरण एवम् विश्लेषणका आधार**

चरित्रका आधारहरू विभिन्न हुने गरेको भए तापनि मोहनराज शर्माले शैली विज्ञानमा काव्यात्मक कृतिमा पात्रहरू शैली विज्ञानमा काव्यात्मक कृतिमा पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा वर्गीकरण गर्ने क्रममा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारहरू अघि सारेका छन् (शर्मा, २०४८, पृ. १७४, १४६) । यिनै आधारहरूलाई आधार मानी तल संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ :

**लिङ्गका आधारमा**

लिङ्ग भन्नाले चरित्रको शारीरिक जात छुट्याउने आधार हो । लिङ्गका आधारमा पनि पात्रहरूको मानसिक स्वभावमा भिन्नता देखिने गर्दछ । लिङ्गका आधारमा पात्रहरू दुई किसिमका हुन्छन् (शर्मा, २०४८: १७४) । अन्य आधारका सहायताबाट नायक, नायिका, खलनायक, खलनायिका, सहानायक, सहनायिका आदिका आधारमा पनि छुट्याउन सकिन्छ ।

**कार्यका आधारमा**

उपन्यासमा प्रयोग गरिने पात्रहरूको भूमिका बेग्लाबेग्लै हुने भएकाले यसलाई मुख्य, गौण र सहायक गरी विभाजन गर्न सकिन्छ । कथावस्तुको सुरूदेखि अन्त्यसम्म प्रमुख भूमिका निर्वाह गर्ने पात्रलाई मुख्य पात्रका रूपमा लिइन्छ भने त्यसभन्दा घटि कार्य गर्ने पात्रलाई सहायक पात्रका रूपमा लिइन्छ । त्यसैगरी सहायक पात्रभन्दा पनि कम भूमिका हुने एवम् बीचबीचमा देखापर्ने हराउने पात्रलाई गौण पात्रका रूपमा चिनिन्छ (शर्मा, २०४८, पृ. १७४) ।

**प्रवृत्तिका आधारमा**

प्रवृत्तिका आधारमा पात्रहरूलाई अनुकुल र प्रतिकुल गरी दुई भागमा वर्गीकरण गरिएको पाइन्छ । अनुकुल पात्रहरूलाई नायक/नायिका र प्रतिकुल पात्रहरूलाई खलनायक/खलनायिका पनि भनिन्छ । अनुकुल पात्रहरू उपन्यासको भूमिका, विचार, भाव, कार्य सबैमा सकारात्मक देखिन्छन् भने प्रतिकुल पात्रहरू सबै पक्षमा नकारात्मक देखिन्छन् (शर्मा, २०४८, पृ. १७४) ।

**स्वभावका आधारमा**

आख्यानात्मक कृतिका पात्रहरूमा कोही बदलिदो स्थितिअनुसार कोही नबदलिने स्वभावका भने कोही चाहिँ बदलिँदो स्थितिमा पनि नबदलिने स्वभावका हुन्छन् । स्थितिअनुसार बदलिने पात्र गतिशील हुन्छन् भने स्वभाव, सिद्धान्त र जीवनलाई परिस्थिति अनुसार परिवर्तन ल्याउने पात्रलाई गतिहीन पात्र भनिन्छ ।

**जीवनचेतनाका आधारमा**

जीवनचेतनाका आधारमा पात्रहरू व्यक्तिगत र वर्गीय गरी दुई वर्गमा विभाजन गरिएको पाइन्छ (शर्मा, २०४८, पृ. १७४) । वर्गीय पात्रले कृतिमा कुनै सामाजिक वर्गको प्रतिनिधित्व गर्दछ भने व्यक्तिगत पात्रले यस तरहको प्रतिनिधित्व नगरेर आफ्नै मात्र प्रतिनिधित्व गर्छ ।

**आसन्नताका आधारमा**

आख्यानात्मक कृतिमा आसन्नताका आधारमा पात्रहरू नेपथ्य पात्र र मञ्चीय पात्र गरी दुई प्रकारका हुन्छन् (शर्मा, २०४८, पृ. १७५) । कृतिमा प्रत्यक्ष रूपमा भूमिका निर्वाह गर्ने पात्र मञ्चीय पात्र हो भने कृतिमा अप्रत्यक्ष भूमिका निर्वाह गर्ने पात्रलाई नेपथ्य पात्रका रूपमा लिइन्छ ।

**आबद्धताका आधारमा**

आबद्धताका आधारमा पात्रहरूलाई बद्ध र मुक्त गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । कथानकसँग प्रत्यक्ष रूपमा सम्बन्धित भएर आएका पात्रहरू बद्ध पात्र हुन भने, कथानकसँग प्रत्यक्ष सम्बन्ध नराख्ने पात्रहरू मुक्त पात्र हुन् (शर्मा, २०४८, पृ. १७५) ।

## अध्याय तीन : अध्ययनको प्रक्रिया/विधि

### ३.१ अध्ययनको संरचना

रामलाल जोशीद्वारा लिखित **सखी**को शैलीवैज्ञानिक आधारमा विश्लेषण गरिएको छ । उक्त उपन्यासको विश्लेषण गर्दा प्रमुख विधिका रूपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ भने आवश्यक मात्रामा वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको समेत प्रयोग गरिएको छ । यो गुणात्मक प्रकृतिको अध्ययन हो । यसै गरी पुस्तकालयमा उपलब्ध भएका शैली विश्लेषण सम्बन्धी विभिन्न साहित्यकारका लेख, रचना, समालोचनात्मक काव्यकृति, पत्रपत्रिका एवम् सम्बन्धित शीर्षकसँग मिल्दाजुल्दा शोधपत्रहरूको अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिने छ । उपन्यासभित्रका कथावस्तुलाई फ्रेटागको पिरामिडको आधारमा पाँच चरणमा वर्गीकरण गरी देखाइएको छ । पात्र/चरित्रको विश्लेषण र चयन, विचलन एवम् समानान्तरताको आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गरिएको छ ।

### ३.२ जनसङ्ख्या र नमुना

**सखी** उपन्यास रामलाल जोशीद्वारा लिखित उपन्यास हो । सुदूरपश्चिमका थारु समुदायका यथार्थ कुराहरूलाई समेटी उनीहरूको अवस्थालाई लेखक जोशीले आफ्नो कृति मार्फत सार्वजनिक गरेका छन् । यस **सखी** उपन्यासमा केन्द्रित रहेको छ । नमुना छनोटका सन्दर्भमा पनि **सखी** नामक सिङ्गो उपन्यासलाई नै नमुनाको रूपमा लिइएको छ ।

### ३.४ तथ्याङ्क सङ्कलनका साधन

प्रस्तुत शोधप्रस्ताव लेखन कार्यलाई अगाडि बढाउन तथ्याङ्क सङ्कलन गर्नुपर्ने हुन्छ । यस शोधकार्यमा तथ्याङ्क सङ्कलन गर्दा निम्न दुई स्रोतलाई आधार मानिएको छ :

क) प्राथमिक स्रोत

ख) द्वितीयक स्रोत

#### क) प्राथमिक स्रोत

प्रस्तुत शोधकार्यमा प्राथमिक स्रोतका रूपमा **सखी** उपन्यासलाई लिइएको छ । त्यसैगरी आवश्यक मात्रामा सम्बन्धित कृतिका लेखक तथा समालोचकको स्रोत सल्लाह सुझावलाई आत्मसात गरिएको छ ।

### ख) द्वितीयक स्रोत

प्रस्तुत शोधकार्यमा द्वितीयक स्रोतका रूपमा **सखी** उपन्यासको शैलीवैज्ञानिक विश्लेषणसँग सम्बन्धित समालोचनात्मक ग्रन्थहरू, शोधपत्र, पत्रपत्रिकाहरू, शैली विश्लेषणसँग सम्बन्धित काव्यकृतिहरूलाई आधार मानिएको छ ।

## ३.४ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

शोधकार्यको लेखनलाई अगाडि बढाउनका लागि विभिन्न विधि तथा व्याख्या प्रक्रियाबाट तथ्याङ्क वा सूचना सङ्कलन गरिसकेपछि प्राप्त तथ्याङ्कलाई निश्चित विधि वा प्रक्रियामा आधारित भएर व्याख्या एवम् विश्लेषण गर्नुपर्दछ । यस अध्ययनमा गुणात्मक विधिलाई मुख्य आधार बनाइएको छ । त्यसैगरी शैलीवैज्ञानिक सिद्धान्तलाई समेत प्रमुख आधार बनाई त्यसको अध्ययन विश्लेषण गरी त्यसैका आधारमा **सखी** उपन्यासको शैलीवैज्ञानिक विश्लेषण गरिएको छ । कथानक/पात्र चरित्रको विश्लेषण एवम् चयन, विचलन र समानान्तरतालाई आधार बनाएर संरचना शैली र व्याकरण पक्षलाई विश्लेषण गरिएको छ । आवश्यकताअनुसार सम्बन्धित विषयका विज्ञहरूसँग सल्लाह सुझाव लिएर संरचनात्मक शैलीविज्ञानको विश्लेषणात्मक पद्धतिलाई आत्मसात गरेर तथ्याङ्कको प्रस्तुति गरिएको छ ।

## ३.५ उपकरणको निर्माण

**सखी** उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने भएकाले शैलीविज्ञानको प्रयोग गरी उपकरणको निर्माण गरिएको छ । यसका साथै प्रस्तुत अध्ययनका निम्ति उपयोगी पुस्तक, जर्नल, अनुसन्धनमूलक लेखरचना आदिको पनि प्रयोग गरिएको छ ।

## ३.६ उपकरणको परीक्षण

बनाइएका उपकरणको परीक्षणका निम्ति **खसी** उपन्यासलाई शोधनिर्देशक र विज्ञहरूबाट परामर्श गरी अन्तिम स्वरूप दिइएको छ ।

## अध्याय चार : नतिजा/परिणाम र छलफल

### ४.१ उपन्यासको कथानक

'सखी' एउटा थारू विषयवस्तु तथा जीवन-सङ्घर्षमाथि लेखिएको उपन्यास हो। थारू जाति पश्चिम नेपालमा बस्ने एउटा शालीन, सभ्य र सोझो जाति हो। जुन जातिले लामो सङ्घर्ष पार गरेर आज आफ्नो स्वाभिमानको अवस्थामा आइपुगेको छ। कमैया, कमलहरी जीवन गुजारा गरेर आजको दिनसम्म आइपुगेका छन्। यो मुक्ति प्राप्त गर्नेसम्म उनीहरूले कुन-कुन सङ्घर्ष गरेर आए। त्यसको एउटा गाथा हो। किस्मती थारू केटीको सङ्घर्ष र सफलताको गाथा हो। त्यसकारणले यो थारू जातिको विषयमा केन्द्रित छ। 'सखी' उपन्यास सुदूरपश्चिम र त्यहाँको भाषा संस्कृतिसँग परिचय गाँसेको छ। 'सखी'मा ठेट भाषा भाषिकाका शब्द आएका छन् सरल सहज र ठेट मौलिकता सहितको लवज छ। यस उपन्यासमा थारु सम्प्रदायको कारुणिक वास्तविकता विस्तृत रूपमा छर्लङ्ग छ। मान्छेको यही एउटा जिन्दगी नामको छोटो समयमा यत्ति धेरै उतार चढाव पनि आउन सक्दा रहेछन् भन्ने कुरा किस्मतीको जीवनबाट छर्लङ्ग देखिन्छ। मानिसले कस्तो कस्तो समय र परिस्थितिसँग समय गुजार्नु पर्नेरहेछ र कस्तो समय आइरह्यो भन्ने कुरा सखी उपन्यासमा देखाइएको छ। पात्रहरू सखी र मानवका जीवनमा आउन सकेका दुःखका आँधीबेहरी चलेको छ। उपन्यासको उत्तरार्धतिर गहन जीवनदर्शन व्यक्त गर्न सखी सफल छ।

सखी उपन्यास एउटा उत्कृष्ट प्रेमकहानी र यथार्थको धरातलमा खडा भएको पाइन्छ। यस उपन्यासमा मानिसको जिजीविषा प्रेमकै कारण बारम्बार कति सजीव हुन सक्दोरहेछ र प्रेमको ताकत पनि कति हुँदो रहेछ देखिएको छ तर सहारा आश्रमबाट बिदा भएर गएपछि मानवको जीवन रहला र कि नरहला। कुन आशाले फेरि जिजीविषा जागा रहला जस्ता कुरा जिज्ञासापूर्वक उपन्यासको अन्त्य भएको छ।

#### ४.१.१ 'सखी' उपन्यासको कथानक तथ्याङ्कन

'सखी' उपन्यास रामलाल जोशीद्वारा लिखित उपन्यास हो। 'सखी' २०७५ असोजमा प्रकाशित भएको हो। यसमा जम्मा ३४६ पृष्ठको रहेको छ भने यसको 'सखी'क बुक-हिल पब्लिकेशन, अनामनगर, काठमाडौं रहेको छ। यस पुस्तकको मूल्य तोकिएको छैन।

**समाचार (१ देखि ३ सम्म)**

- दिनेश एफ्.एम्.बाट समाचार सुनाउनु, सरकारले माग पूरा नगरेको कारण कमैयाहरूले चरणबद्ध आन्दोलन सुरु गर्नु।

- अत्यधिक चिसोका कारण भाइरल जरो आएर सालघारी शिविरका सात जना मुक्त कमैयाको मृत्यु हुनु, बाढी पीडितले राहत नपाएको भन्दै आन्दोलन सुरु गर्नु ।
- बिना सल्लाह कर बढाइएको भन्दै रिक्साचालकहरूले आन्दोलन सुरु गर्नु, पुरुष र महिलाका बीच ज्याला कमी भएको विषयमा महिला मजदुरहरूले आन्दोलन सुरु गर्नु, बाल मजदुर मुक्त गर्नका लागि आन्दोलन चर्किनु ।

**नयाँ लोक** (**पेज ४ देखि ३९ सम्म**)

- मानव पहाडबाट राजापुर आउनु, किस्मतीसँग त्यही काकाका घरमा भेट हुनु, किस्मतीले आफूजस्तै देखेर चुङ्गी खेल्न बोलाउनु, साह्रै फोहोरी भएको कारण घिन मान्नु ।
- बेला मौकामा काकी रणचण्डी बनेर किस्मतीलाई गाली गर्नु, गर्मीको कारण आँत हर्हरी हुनु, पानी मिठो नहुनु, काकीले थारुहरूलाई देखेर यी हामी जस्ता मान्छे होइनन् भन्नु, यिनीहरू नाङ्गै बस्छन्, यी त थारु हुन् भन्नु ।
- मानवले आवाघर देखेर अचम्म मान्नु, बुढा थारुले शरीरमा लगौटी मात्र लाएको देखेर अझै अचम्म मान्नु, बाजेले मानवलाई बौनिया स्कुलमा कक्षा चारमा भरना गरिदिनु, मानव स्कुल जान लागेको देखेर किस्मतीलाई पनि पढ्ने रहर जागेर आउनु ।
- पहिलो दिन स्कुलमा बस्ने ठाउँ नपाएर उभिएरै उसले लेखपढ गर्नु, राजा कर्णबहादुरकी छोरी मालतीको छुट्टै एउटा वेन्ची हुनु, त्यहाँ अरु कसैले बस्न नपाउनु ।

**पानीजस्तै जिन्दगानी** (**पेज नं.४० देखि ६० सम्म**)

- मानवका बाजे बजु पहाडबाट राजीपुर आएको एक वर्ष पुग्नु, तराईमा पनि जाडो बढ्दै जानु र पहाडमा भन्दा अझै बढी जाडाको अनुभव हुनु ।
- अर्को सालदेखि पहाडबाट झर्नेहरूको संख्या बढ्दै जानु र पहाडका गावै खाली हुने सम्भावना बढ्नु, आफ्ना सन्तान सकिँदै गएको देखेर बजैको हृदय पग्लेर बाजेसँग दुखेसो पोख्नु, छोरा जन्मिएको उपलक्षमा नीलकण्ठेले छैटी मनाउनु र ऊ चाहिं मदेश जान नमान्नु तर पछि सबै हिंडेपछि उसको पनि मन बिग्रनु र तराइतिर झर्नु ।
- जब मंसिर लाग्थ्यो पहाडबाट एउटा न एउटा मदेश झर्ने क्रम धेरै वर्षसम्म चलिरहनु, मानव र मनसरा सँगसँगै जन्मिएर सँगसँगै खेल्ने हुनु तर सानै उमेरमा मनसराको बिहे भएकाले मानव एक्लै भएको अनुभव हुनु ।
- मनसरालाई डोलीमा चढाएर लैजान लाग्दा आमा छोरीको चिच्याहट र वेदनाले सबैको मन पिरोलिनु, पहाडबाट बसाइँ आउनेहरूले केवल आफ्नो परिवार मात्र ल्याएनन्, उनीहरूले पालेका पशुहरू पनि साथैमा ल्याउनु ।

- बाटामा पर्ने काँकडसैनी देवीथानमा ध्वजा पताका चढाएर शरण पर्नु, बाटामा बज्यैको प्यारो तिलौरे भैँसी भीरबाट लडेर मर्नु, बज्यै खिन्न हुनु, बाटामा पर्ने मूढागाउँ भन्ने खर्कमा वस्तुभाउ केही समयका लागि घँस्याउन राख्नु ।
- वस्तुभाउ खर्कमा बाँधेर सुल्पा तान्दै गर्दा बाजेको काइँलो छोरा साइकलमा त्यही आएर मानवलाई लिएर राजीपुर जानु ।

**कालापानीको कष्ट** (**६१ देखि ८४ सम्म**)

- फागनु महिनादेखि राजीपुरमा घाम चर्किन सुरु गर्नु, पहाडबाट तराई झरेका बासिन्दाहरू गर्मी खप्न नसकेर वस्तुभाउ लिएर पहाडतिरै उक्लन थाल्नु, बाजे बजै र मानव भने आफ्नै घर भएको कारण पहाडतिर जाने मन नगर्नु,
- बाजेले मानवलाई स्कुलको लागि लुगा कपडा किनेर पढ्न पठाउनु,स्कुलमा मानवको कर्णबहादुरकी पुत्री मालतीसँग प्रेम बस्नु र चित्रबहादुरले मानवमाथि गिद्धेदृष्टि लाउनु ।
- कालीचरणको एक्लो छोरो ठग्गुको सर्पको टोकाइबाट मृत्यु हुनु, वर्षाको समयमा राजीपुरका धेरै मान्छे विरामी हुनु, भलबाडीका कारण नेपालगन्ज अस्पताल लान नसक्नाले धेरैको ज्यान जानु ।
- नीलकण्ठ दाइको छोराको पनि जराको कारण मृत्यु हुनु, धेरै समयपछि बौनियाँमा पनि कलकत्ताबाट एकजना बङ्गाली डाक्टर आउनु, उनको आगमनले गाउँलेहरू सबै खुसी हुनु, कालीचरणकी जन्नीको बिरामी भएर मृत्यु हुनु, कालीचण पागल जस्तो हुनु ।

**कमारा जिन्दगी** (**८५ देखि ११४ सम्म**)

- छोरा विरामी पर्दा लिएको पैसा तिर्न नसक्दा २विगाहा खेत काइँला काकाका नाममा पास गरिदिनु ।
- काइँला काकाकहाँ खड्गु र बड्खु कमैया बस्न थाल्नु, कुहिरो शितलहरका कारण जाडो अत्यन्तै बढ्नु,
- -एक दिन अचानक राजा कर्णबहादुरले बाजेलाई बोलाउनु, मालती मैया बिरामी परेकाले बाजेले ताँमाको लोहोटामा पानी फुकेर ख्वाउनु ।
- -स्कुलमा मालती मैयाको बस्ने छुट्टै एउटा बेञ्ची हुनु, पहिलो पटक राजापुरमा पानीका नल्काहरू निर्माण हुनु, गाउँलेहरू सबै खुसी हुनु, जमिन्दार दानसिंहको घरमा जाँडरक्सीको भोज हुनु, रातमा एउटी भान्सेलाई घोडामा राखेर दानसिंह बेपत्ता हुनु ।
- राजीपुरमा राजा रजौटा र जमिन्दारको विगविगी हुनु, वर्षेनी कमैयाहरू फेरिँदै रहनु ।

- वर्षादको बेला जङ्गली च्याउ तरकारी पकाएर खाँदा फिरुलालका परिवार ऊ बाहेक सबै समाप्त हुनु ।
- केही वर्षपछि फिरुलालले अर्की केटीसँग विवाह गर्नु, एउटी छोरी जन्मिएपछि उसकी जवान जन्नी अन्तै पोइल जानु ।
- तीन वर्षकी छोरीलाई पाकरीको रुखमनि सुताएर साधु भेषमा बाटो लाग्नु, रुँदै गरेकी बालिकालाई बटुवा रहिमतले लगेर पाल्नु,
- भेटिएकी हुनाले उसको नाम किस्मती राखिदिनु, मानवका काइँला काकाले किनेर लगेर पालेर हुर्काउनु ।
- पहाडबाट बाजु बजैसँग आएको मानवसँग काइँला काकाका घरमा दुईको भेट हुनु ।

**जिन्दगी एक मेला (११५ पेजदेखि १३९ सम्म)**

- मानव पढ्दै कक्षा नौ मा पुग्नु, सँगसँगै किस्मती पनि पढ्न सिक्दै जानु ।
- किस्मतीको शारीरिक बनावटमा धेरै कुराको परिवर्तन देखिनु, विस्तारै बैंसका रेखाहरू देखिन थाल्नु ।
- काइँली काकीले ओसारको एउटै कोठामा मानव र किस्मतीलाई राख्न नमिल्ने कुरा काकालाई सुनाउनु ।
- ठिक छ त, मानवको संगतले किस्मतीमा पनि परिवर्तन आएको छ, दाजु बहिनी जस्तै छन्, केही हुँदैन भन्नु ।
- किस्मती र मानवका बीचमा आन्तरिक रूपमा नजानिदो तरिकाले प्रेमभाव उत्पन्न हुन थाल्नु ।
- बेलामौकामा मानव र किस्मती हाटबजार र गाउँघरमा नाचगान हेर्न जानु, एकले अर्काको हात समातेर हिंड्दा एक प्रकारको अनौठो अनुभव हुनु ।
- गाउँको भलमन्सारको आँगनमा युवायुवती, बुढापाकाहरू सबै भेला भएर नाचगान गर्नु, रामप्यारी बर्फीवाला बजियाकी जन्नी हुन पुग्नु, त्यही रात अरु पनि २/ जोडी केटाकेटीले माया प्रिति सफल पार्नु
- नट्टे दाजीको रूपमा लट्ठ हुँदै मङ्गलीले उतै लपेटिन लाग्नु र उसैकी जन्नी भएर राति नै गाउँबाट भाग्नु,
- चारदिन पछि फेरि मङ्गली नट्टे दाजीलाई छोडेर पहिलेकै कल्लुरामसँग आफ्नै घरम आइपुग्नु, तैपनि कल्लुरामले उसलाई माफि दिएर सँगै बस्न थाल्नु ।
- मंसिरको महिनामा खेतमा धान काटेको ठाउँमा किस्मती र मानव भएर सिला धान खोजेर जम्मा गर्नु,

- त्यो धान बेचेर सत्ती मेला हेर्न जाने सल्लाह गर्नु, धान खोज्दै गर्दा माघ महिनामा भोज गर्ने पनि सल्लाह गर्नु ।
- धान बेचेर आएको पैसा लिएर दुवै जना गोरुगाडीमा चढेर बाजेका साथमा सत्ती मेला हेर्न जानु ।
- मेलामा सर्कस(काला जादु) हेर्दा धेरै रमाइलो मान्दै हेर्नु, मेलामा मालतीसँग मानवको भेट हुनु, सँगै सिनेमा हेर्नु ।
- मेलामा मानवसँग छुट्टिएपछि किस्मती धेरै रिसाउनु, मानव अर्काको साइकलमा घरतिर फिर्नु ।
- शिवरात्रीको दिन बर्दगोरियाको मेला हेर्न र शिवजीको पूजा गर्न जानु, रातको मेला भएकाले हराइने डरले किस्मतीले मानवको हातमा समाएर हिंड्नु ।
- यसरी त्यो मेलाबाट नछुट्टिकन दुवै जना घर फिरेर आउनु ।

**उठिबसेरा (१४० देखि १५४सम्म)**

- मानव पढ्दै कक्षा दशमा पुग्नु, चारैतिर बसन्त बहार, धर्तीमा हरियालीसँगै मग्मगाउन थाल्नु, पढ्नेका लागि प्रतिकूल र प्रेम गर्नेहरूका लागि अनुकूल वातावरण बन्दै जानु ।
- मालतीले दिएका उपन्यास हेर्दै जाँदा प्रेम कसरी गरिन्छ भन्ने कुरा मानवका मनमा अंकुराउँदै हुर्कदै जानु, मालतीलाई मुनामदन किताब पढ्न दिनु, मालतीले पनि जीवन के हो भन्ने कुरा बुझ्नु ।
- बौनियाँ स्कुलमा त्यो बेला प्रेम गर्नेहरूको लहरै चल्नु, दिनदिनै केटाकेटी स्कुलबाट हराउनु ।
- बङ्गाली डाक्टरको नेतृत्वमा प्रजातन्त्रका लागि नारा जुलुस हुनु, नारा जुलुस चल्दाचल्दै देशमा प्रजातन्  त्र आउनु,
- किस्मतीले मानवलाई अत्यन्तै माया गर्नु, मानव मालतीका प्रेम सागरा डुबुल्की मार्न थाल्नु ।
- मानवले मालतीको कितावमा राखेको प्रेमको प्रतिउत्तरको कागज चित्रबहादुरले यादव सरलाई दिनु, सरले अब तेरो उपाय छैन यहाँबट भागिहाल भनेर सचेत गराउनु ।
- घर जाँदै गर्दा मानवलाई बाटामा चित्रबहादुरले नराम्ररी कुट्नुसम्म कुट्नु ।

- आफ्नो ज्यान जोगाउन रातको समयमा घर र सखीलाई ओसारकै कोठामा छोडेर मानव बेपत्ता हुनु ।

**वनवास (१५५ देखि १८२ सम्म)**

- रातको १२ बजेतिर लुसुक्क किताब लुगा लिएर भागेको गन्तव्यहीन मानव बिहान सडकपुर पुग्नु, बसमा चढेर धम्बोजी पुगेर चियानास्ता गर्नु ।
- बाटामा सखीको झल्को आइरहनु, शंकर लजमा २ रात बिताउनु, त्यहाँबाट बुटबलतिर लाग्नु, बुटबल पुग्दा पनि कर्णबहादुरका छोराहरूको डर लागिरहनु ।
- त्यहाँ सन्जु र मन्जुसँग भेट हुनु, उनीहरूकै घरमा गएर केही महिना बिताउनु, त्यहाँबाट भागेर फेरि बुटवलतिरै जानु, एक अधबैँसेसँग भेट हुनु र उसैका घरमा काठमाण्डौ गएर पढ्न थाल्नु, केही दिनपछि त्यहाँबाट पनि अन्यत्रै जानु ।
- ऊ बसबाट नेपालगन्ज जानु र त्यहाबाट पनि गुलरियातिर हुइँकिनु, बाटामा बुढो थारुसँग भेट हुनु र लडिया चढेर उसैसँग पछि लाग्नु, साँझ उसैका घरमा बस्नु ।
- त्यहाँ उसले कक्षा नौमा नाम लेखेर पढ्न सुरु गर्नु र एस्.एल्.सी त्यहीबाट पास गर्नु,
- वैदीपुरको केही समयको बसाइपछि त्यहाँ पनि उसले चुटाइ खाएर अन्यत्रै लाग्नु, बाटामा सुमन साथी भेटिनु र उसैका घरमा बस्न थाल्नु ।
- उसले सुमनको सल्लाह अनुसार विद्यानगरको बबै क्याम्पस पढ्न थाल्नु, खत्रीकी छोरी रन्जुलाई बिहे गर्न खोज्दा नोकर जस्तो भनेर निन्दा गर्नु ।
- देशमा जनयुद्ध सुरु हुनु, कमैया मुक्तिको आन्दोलन चर्किंदै जानु, चित्रबहादुरले उसलाई चिठी पठाउनु, ऊ सशंकित हुनु ।

**मुक्ति आन्दोलन (१८२ देखि १९८ पेजसम्म)**

- जनआन्दोलन चर्कँदै चरमविन्दुमा पुग्नु, युवा, बुढा बुढी, केटाकेटी, आइमाईहरू सबै कमैया मुक्तिका लागि नाराजुलुसमा भाग लिइरहनु,
- देशको पश्चिम तराइमा सबैतिर आन्दोलन व्याप्त हुनु, मानव जहाँ गए पनि उसकी सखीकै खोजी गर्नु
- आजादीको आन्दोलन लडिरहने थारुहरू दृढ विश्वासका साथ युद्धमैदानमा उत्रिनु, माओवादीहरू पनि कमैया मुक्तिका लागि जङ्गलबाट निस्किएर सहयोग गर्नु ।

- सरकार पक्षले बिना चिनजान आन्दोलनकारीका नाममा सर्वसाधारणको ज्यान लिनु, यसले झन आन्दोलन चर्कँदै जानु ।
- चन्दु मानवको साथी पनि सम्झाउँदा नमानेर जनआन्दोलनमा भाग लिन जङ्गल पस्नु, बीच-बीचमा डगौरा सरले आन्दोलनको नेतृत्व गर्दै रहनु ।
- कमैयाहरू आन्दोलनमा निस्किएपछि मालिकका खेतहरू प्राय सबै बजिन सुरु हुनु ।
- स्वतन्त्रताका पूजारी कमैयाहरू सारा बुकुरा छोडेर बाटाका छेउछाउ, रुखका छहारीमा बसेर नाचगान गर्नु, सबै मिलेर एउटै भोज खानु ।

**आजाद पन्छीहरू (१९९ देखि २१९ सम्म)**

- सबै कमैया र कमलरीहरू मुक्त हुनु, तर न घरको न घाटको भएर कमैयाहरूको विचल्ली अवस्था देखिनु ।
- 'गाँस बासको व्यवस्था गर' भन्दै पुनः कमैयाहरू दोस्रो चरणको आन्दोलनमा प्लेकार्ड बोकेर उत्रनु ।
- कमैयाहरूलाई मुक्त भएको खुसीयालीमा रमाउँदै नाचगान गर्नु र गाँस बासको चिन्ताले पिरोलिइरहनु ।
- डगौरा सरको नेतृत्वमा आन्दोलन सफल भएको कारण आफू आफ्नो मालिक भएको अनुभव गर्नु ।
- गाँस बासको अभावमा विदेशी शरणार्थी जस्तै अवस्थामा कमैयाहरू पुग्नु ।
- वर्षादको समयमा चौरीहरूमा हालिएका कमैयाहरूको पाल हावा उडाउँदा पानीबाट चुटिनु ।
- घनघोर वर्षाको कारण कमैयाहरूका वस्तुभाउ डुबाना पर्नु, केही बुढाबुढी र केटाकेटीहरू पनि डुवानमा परेर मर्नु ।
- उद्धारकहरूबाट स्कुल, कलेज, सरकारी कार्यालयहरूमा राखिनु, प्राप्त स्वतन्त्रताको सदुपयोग गर्नु ।
- मुक्त कमैयाहरूको दोस्रो चरणको आन्दोलनपछि उनीहरूले केही जमिन पाउनु ।
- मुक्त कमैयाहरूले जमिन पाइसकेपछि आ-आफ्ना तरिकाले करेसाबारीको तरकारी लगाउन थाल्नु ।

- कमैयाको आन्दोलन रोकिनु तर जनआन्दोलन चर्किरहनाले जिउज्यानको सुरक्षा गर्न कठिन हुनु ।
- जनताहरू सरकार र माओवादी दुवैतिरबाट चेपुवामा पर्नु, दुवै पक्षबाट हत्या हिंसाको गतिले उग्ररूप लिनु ।
- विस्तारै आन्दोलन समाप्त हुँदै जानु, जनताले सन्तोषको सास फेर्न थाल्नु ।

**प्रिय प्रेम** (२१८ देखि २६६ पेजसम्म)

- मानव भौंतारिदै धनगढी पुग्नु, त्यहाँ उसले सरकारी जागिर खाएर आफ्नो जीवनमा ठूलो बाजी जितेको अनुभव गर्नु ।
- उसका पिछलग्गुहरूको लम्बेताँत लाग्नु, ऊ जता गए पनि साथ दिनेको संख्या बढ्दै जानु, दिनहुँ अफिस जाँदा बाटामा भेटिएकी प्रिया नामकी युवतीसँग माया पिरती गाँसिदै जानु ।
- विस्तारै दुवै पक्षको आफ्ना डेरा वा घरम आवत जावत बढ्दै जानु, बेलौरी बागमा घुम्न जानु, प्रियाले उसलाई छोडेर अर्कै केटासँग अमेरिकातिर लाग्नु ।
- मुक्त कमैयाहरू विरामी परेर सेती अञ्चल अस्पताल भरिनु, मानव सेती अञ्चल अस्पताल पुग्नु, त्यहाँ उसले उसकी बालसखी मनसरालाई विरामी अवस्थामा भेट्नु ।
- मनसराको त्यो अवस्था देखेर मानवको मनमा वैराग्यता उत्पन्न हुनु, वागेश्वरी मन्दिरको छेउमा उसका अचानक भेट हुनु ।
- मालतीबाट माओवादीले मालतीका दाजुहरूको हत्या भएको खबर सुन्नु, एकापसमा दुःख सुखका  कुराको साटासाट गर्नु, मालतीले मानवलाई पनि 'सिर्जनशील सेवा केन्द्र'मा लगेर परिचय गराउनु ।
- त्यस केन्द्रमा विभिन्न खालका घरबार विग्रिएर शान्तिको खोजीमा भेला भएको मान्छेहरूसँग मानवको सम्पर्क बढ्दै जानु ।
- मानव भौंतारिंदै फेरि काठमाण्डौ पुग्नु, कविता लेख्न थाल्नु, कवि गोष्ठीमा दिल्ली जाँदा बाटामा प्रियम्बदा नामकी कवयित्रीसँग भेट हुनु ।
- प्रियम्बदासँग भेट भएको केही समयपछि प्रियम्बदाको मृत्यु हुनु, मानव पागल जस्तै भएर बेहोस भएर अस्पतालमा भर्ना हुनु ।

- अस्पतालमा रहेकै बेला उसका काका छोरा खोज्दै त्यहीँ आएर उसलाई राजीपुर घरमा लिएर जानु ।

**पुनरागमन** (२६७ देखि २८० सम्म)

- मानव आफ्ना भाइहरूसँग घर पुग्नु, घरमा काकीसँग भेट हुनु, मानवले सखीको खोजी गर्नु तर सखी पहिले नै बिहे गरी त्यहाँबाट अन्तै गइसकेकी हुनु ।
- घरमा मानव पहिले सखीसँग हाँसे खेलेका दिनहरू सम्झँदै भावविह्वल हुनु, बेला मौकामा भाइसँग बाहिर घुम्न जानु, बौनियाँ स्कुलतिर पनि घुम्न जानु ।
- भाइहरूका साथमा हिंड्दा मानवलाई पहिले खेलेको, डुलेको यादले सताउनु, बाजे बजै मानवकै चिन्ताले सताउँदा सताउँदै परलोक हुनु, उसलाई बढी माया गर्ने सबै मानिसहरू बितिसक्नु, उसलाई धेरै चिन्ता लाग्नु, बेलुकाको खानापछि काइँली काकीसँग दुख सुखका कुरा गर्नु ।

**खोज (२८१ देखि २९६ सम्म**)

- मानव सखीको खोजीमा बर्दगोरिया पुग्नु, त्यहाँका मानिसहरूलाई सोध्नु, कतै पत्तो नलाग्नु, चुइँ चुइँ साइकल पेलेर नवलपुर पुगेर फर्कनु,
- एक बिहान खाना खाने बेलाम मानव घरबाट साइकलमा बेपत्तासँग हिंड्नु, केही दिनपछि उसले आफैँ मम्फली बेच्न सुरु गर्नु, उसलाई गाउँ गाउँ जस्तो नलागेर सहर जस्तो लाग्नु ।
- सखीको झझल्को लागेर बाटामा हिंड्ने कुनै एक युवतीलाई सखी ! भनेर पुकार्नु र होइन भन्ने थाहा पाएपछि जिल्लिनु, पद्वा कठायतबाट किस्मतीका तीन सन्तान भएपछि उसको लोग्ने मर्नु, बालबच्चा च्यापेर ऊ अन्यत्रै कतै जानु ।
- भौँतारिंदै टीकापुर पुग्दा किस्मती जस्तै एउटी थरुनीलाई देखेर सखी नै हो भन्ठानेर जिउ पुछपाछ पार्दै छेवैमा जाँदा हप्काइ खानु, जुगलालसँग बाटामा भेट हुनु, एक रात उसैसँग बस्नु ।
- मानव भौँतारिंदै हसुलिया बजार पुग्नु, त्यहाँ बजार जस्तो नभएर सहर जस्तो देख्नु, घुम्दै प्रिया चौधरीको 'प्रिया कटेज' मा पुग्नु र रात त्यही बिताउनु ।
- त्यहाँ पुग्दा उसलाई सखी नभेटिने कुराको ज्ञान हुनु, ऊ  घुम्दै धनगढी पुग्नु, ऊ केही समय त्यहाँ मास्टर हुनु, जग्गा जोड्नु र व्यवहार सुरु गर्नु ।

**पुरस्कार** (२९७-३०२)

- रेडियो दिनेश एफ्.एम्.बाट भर्खरै किस्मती चौधरीले लण्डनबाट 'विश्व मानव सेवा' पुरस्कार प्राप्त गर्नु ।
- कैलालीमा आयोजित एउटा कार्यक्रममा किस्मतीलाई नागरिक अभिनन्दन गरिनु, किस्मतीले त्यति ठूलो पुरस्कार पाएको र कैलालीबाट नागरिक अभिनन्द गरिने कुराले मानव भावविभोर हुनु ।
- खबर सुन्ने बित्तिकै किस्मतीलाई कहिले भेटौँ जस्तो हुनु, एउटी सङ्घर्षशील नारीका रूपमा पाएको पुरस्कारले मानव गद्‌गद् हुनु ।
- हतार हतार कार्यक्रम स्थलतिर जानु, मञ्चमा पुग्दा मात्र किस्मतीलाई देख्नु, तत्कालीन राष्ट्रपति रामवरण यादवबाट किस्मतीलाई अभिनन्दन गरिनु ।
- अचानक भएको भेटले दुवैजना केही समय भावविभोर हुनु, गाडी चढ्न लाग्दा मात्र किस्मतीलाई भेट्नु, कार्यक्रमपछि मानवलाई किस्मतीले आफ्नो संस्थामा लिएर जानु ।
- -पहिलेकी सखीको यादले भौँतारिएको मानव उही सखीसँगको भेटले पनि पुरानो तिर्सना नमेटिनु ।


**आत्मकथा (३०२-३४४ सम्म)**

- गाडीबाट उत्रिएर किस्मती सरासर कोठामा प्रवेश गर्नु, संसार जितेर आएकी सखीले त्यो बेला आफ्नो मन जित्न नसक्नु ।
- आधा रातमा छोडेर हिंडेको मानव अचानक भेटिंदा "अहिलेसम्म कहाँ थियौ" भनी रोमाण्टिक प्रश्न गर्नु, किस्मतीको प्रश्नले आफ्नो हालत मानवले सुनाउनु ।
- चिया खाएर आश्रमको परिसरमा घुम्न जानु, विछोडको पीडा पोख्दापोख्दै किस्मती भावविह्वल हुनु, तिमी हिडेपछि म पागल जस्तै भएँ भनेर सुनाउनु ।
- बेलुकाको खानापछि एउटा अलग्गै कोठामा लगेर आ-आफ्ना मनका व्यथा दुवै जनाले पोख्नु ।
- काइँलीकाकी पहाड गएपछि काइँला काकाबाट बलात्कारको शिकार बन्नुपरेको कथा सुनाउनु ।
- माओवादीबाट काइँला काकालाई बचाएको कुरा सुनाउनु ।
- किस्मतीको बिहा हुनु, पाँचवर्षमा नै ३ सन्तान काखमा राखिदिएर उसको लोग्ने मर्नु ।
- बच्चाको लालन पालन गर्न चारतिर भौँतारिनु, भद्रवीर मुनिमका घरमा भाँडा माज्न थाल्नु ।
- नानीहरूलाई स्कुल पढाउन थाल्नु ।


- कमैया मुक्ति आन्दोलनमा किस्मती सहभागी हुनु, मुक्त कमैयाका लागि पुनः आन्दोलन गरी सफल हुनु ।
- आन्दोलनकै क्रममा रोहनसँग प्रेम विवाह गर्नु, पछि उसलाई पनि छोडेर आफ्नो बाटो लाग्नु ।
- सहारामा काठमाण्डौबाट धेरैजना अपाङ्ग ल्याइनु, तिनीहरूलाई तत्तत्स्थानमा थन्क्याइनु ।
- नचाहँदा नचाहँदै किस्मतीसँग छुट्टिएर मानव आफ्नो बाटो लाग्नु ।

### ४.१.२ कथानकको विकासक्रम

कथानकको आङ्गिक विकास भनेको आदि, मध्य र अन्त्यको समुचित विन्यास हो । आङ्गिक दृष्टिले पूर्ण भएको कथानकमा आदि, मध्य र अन्त्यको अवस्था विकसित भएको हुन्छ । जसलाई निम्न अनुसार देखाउन सकिन्छ :




उक्त कथानकको विकासक्रमलाई जर्मनेली समालोचक गुस्ताभ फ्लुवर्ट फ्रेटागले 'टेक्निक अफ द ड्रामा' (१८६३) भन्ने ग्रन्थमा कथानकको विकासक्रम (अवस्था) को उल्लेख गरेका छन् । फ्रेटागको सूचीस्तम्भ तलतिर फराकिलो र माथितिर साँघुरिँदै गएको छ । यसलाई फ्रेटागको पिरामिड भनिन्छ ।



फ्रेटागका अनुसार 'सखी' उपन्यासको कथानकको विकासक्रमलाई निम्नानुसार देखाइन्छ :

**आरम्भ/चिनारी**

क) चौबाटामा रुँदै गरेकी अढाइ वर्षीया बालिका मुसलमानले बाटो हिँड्ने क्रममा भेट्नु र बाटामा भेटिएकीले हुनाले उसको नाम किस्मती राखिदिनु,

ख) सात वर्षकी हुन्जेल मुसलमानले नै लालनपालन गरी हुर्काउनु त्यसपछि पहाडे मूलका मानिसलाई बालिका बेच्नु,

ग) किस्मती बेचिएको घरमा मानवसँग भेट हुनु वा मानवसँगसँगै हुर्किनु, मानव पढ्नका लागि स्कुल जानु किस्मती घरको काम गर्नु ।

घ) किस्मती र मानव मिलेर चुङ्गी खेल्नु, हाडबजार जानु, धान काटेका ठाउँमा धान खोज्नु ।

ङ) किस्मती र मानव सँगैसँगै हुर्किंदै जाँदा एक आपसमा प्रेम भाव बढ्दै जानु,

च) किस्मतीले मानव स्कुलबाट आउँदा खाजा तयार गरी मानवको कोठामा नै पुऱ्याइदिनु र थारु भाषामै मानवलाई खाजा खान अनुरोध गर्नु ।

छ) मानवलाई पुस्तक किन्नका लागि बाजे र मानव गोरु गाडामा चढेर राजापुर बजार जानु र बाजेले उसलाई स्कुलको पोसाक, जुत्ता, किताब, कापी किनिदिनु र बाटामा आउँदा गुच्चा पनि किनिदिनु ।

**सङ्घर्ष विकास**

क) मानवले राजा कर्णबहादुरकी छोरी मालतीसँग प्रेमाभाव राख्दा चित्रबहादुरले मानवले बाटामा मानवलाई कुट्नु र मार्ने धम्की दिनु ।

ख) अपमान खप्न नसकेर मानव घरबाट राति नै बेपत्ता हुनु र काठमाडौं गई एकजना मास्टरको घरमा भान्सेको काम गर्नु ।

ग) केही दिनपछि त्यहाँको कर्कस खप्न नसकेर मानव त्यहाँबाट हिँड्नु र नेपालगञ्जतिर जानु ।

घ) मानवले घर छाडेर हिँडेपछि किस्मती एक्लै हुनु र उसको सम्झनामा भौतारिइरहनु ।

ङ) मानवका हजुरबुबा हजुरआमाको निधन हुनु त्यसमा पनि किस्मती अझै धेरै चिन्तित हुनु ।

च) किस्मती चिन्तित भएको देखेर मानवका काइँला काकाले एउटा बुढो मान्छेसँग किस्मतीको विवाह गरिदिनु ।

छ) मानव नेपालगञ्ज गएर शंकर लजमा २ दिनसम्म बस्नु र दिउँसो गुलरियातिर लाग्दै गर्दा एकजना बुढोमान्छे चौधरीसँग भेट हुनु र यसैसँग बसेर कक्षा ९ मा पढ्न थाल्नु ।

ज) मानव कर्णाली नदी तरेर पारीपट्टि जान लाग्दा उसको पुरानो साथीसँग भेट हुनु र उसले आफ्नो घरमा मानवलाई लिएर जानु ।

**मध्य/चरम**

क) मानवले ३।४ वटी केटीहरूसँग प्रेम गर्नु तर एउटीसँग पनि औपचारिक विवाह नगर्नु ।

ख) किस्मतीको पहिलो लोग्ने तीनवटी छोरी जन्मिएर मरेपछि केही समय यसै भौतारिँदै रहनु र कामको खोजीमा हिँड्नु ।

ग) मानव काठमाडौं गएर महान कवि बन्नु र कविता वाचनका लागि भारतको नयाँ दिल्ली जाँदा प्रियम्बदा नामकी केटीसँग प्लेनमा भेट हुनु ।

घ) केटी पनि कविता वाचनका लागि मानव गएकी ठाउँमा जानु, दुईबीचमा प्रेम बस्नु ।

ङ) आजीवन एकैसाथ बस्ने बाचा गर्नु तर केही समयपछि प्रियम्वदाको अचानक मृत्यु हुनु ।

च) किस्मती घर छोडेर हिँडेपछि कुनै जमिनदारको घरमा घरायसी काम गरेर आफू र आफ्नी छोरीहरूको लालन पालन गर्नु ।

छ) केही समयपछि जैमले नाम गरेको थारु जातिका मानिससँग किस्मतीले विवाह गर्नु ।

ज) किस्मतीले विवाह गरेका थारुका पनि चारजना बालबच्चा हुनु ।

झ) दुवै मिलेर बालबच्चाहरूको लालनपालन गर्नु तर अचानक एकदिन थारु घर छोडेर भाग्नु ।

ञ) सातैजना बालबच्चालाई लालन पालन र शिक्षादीक्षा दिने जिम्मेवारी किस्मतीका काँधमा आउनु ।

ट) उसले छोराछोरी सबैलाई लिएर जीवन गुजाराका खोजीका क्रममा अर्को रोहत नाम गरेको कर्मचारीसँग पुनः विवाह गर्नु ।

**सङ्घर्षह्रास**

क) रोहनसँगको विवाहपछि किस्मतीले रोहनको अर्को विवाह भएको कुरा थाहा पाउनु ।

ख) किस्मतीसँग झगडा गरी रोहनले छोराछोरी पाल्न नसक्ने कुरा बताउनु ।

ग) किस्मतीले रोहनको घर छोडेपछि कमैया मुक्ति आन्दोलनमा होमिनु ।

घ) बिस्तारै किस्मती कमलरी प्रथाकी उन्मुलनको आन्दोलनमा पनि होमिनु ।

ङ) किस्मती कमलरी आन्दोलनकी नेता हुनु र सङ्घर्षलाई अगाडि बढाउँदै जानु ।

च) मानव नेपाल फर्किनु ।

**उपसंहार**

क) डगौरा सरको नेतृत्वमा भएको कमैया मुक्ति आन्दोलन सफल हुनु तर मुक्त कमैयाहरूको गाँसबासको व्यवस्था नहुनु ।

ख) गाँसबासको व्यवस्थाका लागि दोस्रो चरणको आन्दोलन पश्चात् कमैयाहरूलाई जग्गा जमिन प्राप्त हुनु ।

ग) मुक्त कमैयाहरू खुशीले भावविभोर भएर नाचगानमा सरिक हुनु ।

घ) मानव विरामी भएर अस्पतालमा भर्ना हुनु, आफूभन्दा बाहेक कोही उसका हेरविचार गर्ने मान्छे नहुनु ।

ङ) एउटी नर्सले उसको हेरविचार गर्नु, धेरैदिनपछि उसका काइँला काकाका छोरा उसलाई खोज्दै हस्पिटलमा पुग्नु र चिनजान गरी भाइहरूसाथमा घरमा लिएर जानु ।

च) पहिले किस्मतीसँग डुलेघुमेका ठाउँहरू गएर हेर्नु र किस्मतीका विरहल साइकलमा चढेर हिँड्नु ।

छ) केही दिनपछि उसले चटपटे बेच्न सुरु गर्नु ।

ज) मानवले एकदिन रेडियो अगाडि राखेर खबर सुनिरहँदा मानव सेवा संघकी अध्यक्ष किस्मती चौधरीलाई पुरस्कार दिइने खबर सुन्नु ।

ञ) मानवले खबर सुने पश्चात् कार्यक्रम स्थलमा जानु र किस्मतीसँग भेट हुनु । उता किस्मतीलाई तत्कालीन राष्ट्रपति रामवरण यादवबाट पुरस्कृत गरिनु ।

### ४.१.३ 'सखी' उपन्यासको चरित्र विश्लेषण

**चरित्र**

आख्यानमा पाइने व्यक्तिलाई पात्र भनिन्छ । पात्रहरू कतिपय नैतिक र अभिवृत्तीय गुणहरूले युक्त हुन्छन् । नैतिक र अभिवृत्तीय गुणले युक्त पात्रलाई नै चरित्र भनिन्छ (शर्मा, २०४८, पृ. ११४) ।

कथामा सहभागी हुने मानवीय वा मानवेत्तर (व्यक्ति तथा पशुपक्षी) प्राणी चरित्रहरू नै पात्र हुन् (आचार्य, २०६७, पृ. १५४) ।

कथाभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ (बराल र एटम, २०६६, पृ. २७) ।

कथाको कथानकको क्रिया व्यापार प्रत्यक्ष रूपमा चरित्र वा पात्रसँग गाँसिएको हुनाले कथानकलाई अगाडि डोहोऱ्याएर लैजाने कार्यका लागि मानव वा मानवेतर चरित्रको मुख्य भूमिका रहेको हुन्छ । पात्र वा चरित्रले कथावस्तुमा रहेका समाज, संस्कृति, स्वभाव र मानव सभ्यतालाई सिङ्गो तस्विरमा देखाउँदछ । पात्रमा हुने गुण नै चरित्र हो ।

**पात्र वर्गीकरणको आधार**

कथाका चरित्रहरू एकअर्काका सापेक्षतामा कस्ता विशेषताहरू लिएर कृतिमा आएका छन् भन्ने कुरालाई तिनको वर्गीकरणद्वारा स्पष्ट पार्न सकिन्छ र उल्लिखित चरित्रका प्रकारहरू पनि महत्त्वपूर्ण केही आधारहरू हुन् भने निम्नलिखित आधारहरू पनि महत्त्वपूर्ण रहेका छन् । यस्ता आधारहरूमा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, सामाजिक सम्बन्धका आधारमा, आसन्नता र आबद्धता पर्दछन् ।

**क) लिङ्गका आधारमा**

कथामा चरित्रलाई प्राकृतिक रूपले फरक छुट्याउने पहिलो आधार नै लिङ्ग हो । लिङ्गका आधारमा स्त्री र पुरुष गरी पात्रलाई दुई भागमा विभाजन गरिन्छ । यसभित्र नायक, नायिका, सहनायक, सहनायिका, खलनायक आदि तौर-तरिकाबाट पनि लिङ्ग छुट्याउन सकिन्छ । "पात्रको बाह्य वर्णन तथा शरीर, नामाकरण र तिनका स्वभाव एवम् प्रयुक्त क्रियापदबाट लिङ्ग छुट्याउन सकिन्छ" ।

**ख) कार्यका आधारमा**

कथामा पात्रले खेल्ने भूमिकाका आधारमा पात्रलाई मुख्य, सहायक र गौण गरी तीन भागमा छुट्याइन्छ । मुख्य पात्र कथाको केन्द्रीय चरित्र हो, सहायक पात्र कथाको केन्द्रीय पात्रलाई सहयोग गर्ने हो भने गौण पात्र न्यून कार्य गर्ने, कथामा नभए पनि फरक नपर्ने पात्र हो ।

**ग) प्रवृत्तिका आधारमा**

यस कथामा पात्र अनुकूल र प्रतिकूल गरी दुई वर्गका हुन्छन् । कथाको कथावस्तुमा जुन पात्रले सकारात्मक भूमिका खेलेर पाठकको सहानुभूति आर्जन गर्छ त्यो अनुकूल चरित्र हुन आउँछ र जुन पात्रले नकारात्मक भूमिका खेलेर पाठकको चित्त दुखाउँछ त्यो प्रतिकुल चरित्र हुन्छ ।

**घ) स्वभावका आधारमा**

यस कथामा गतिशील र गतिहीन दुई स्वभावका पात्र हुन्छन् । कथाको कथानकमा वातावरणसँगै आफ्नो चरित्रलाई बदल्ने पात्र गतिशील पात्र हुन्छन् भने स्वभावमा परिवर्तन नहुने पात्र गतिहीन पात्र हुन्छन् ।

**ङ) जीवन चेतनाका सम्बन्धका आधारमा**

कथामा सहभागी हुने पात्रले देखाएको सामाजिक सम्बन्धका आधारमा भनौं उसले खेलेको वैयक्तिक र प्रतिनिधिमूलक भूमिकाका आधारमा प्रकार छुट्याइएको हुन्छ । जुन पात्रले नितान्त आफ्ना निजी स्वभाव तथा वैयक्तिकताको प्रतिनिधित्व गर्दछ त्यो वैयक्तिक पात्र हो भने जसले आफू बाहेक सिङ्गो सामाजिक वर्गको भूमिका निर्वाह गरी वर्गीय चरित्र देखाउँछ त्यो नै वर्गीय पात्र हुन्छ ।

**च) आसन्नताका आधारमा**

यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । कथामा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिताले वा अन्य पात्रले नामोच्चारण गरेको पात्र नेपथ्य हुन्छ । मञ्चीय पात्र वर्तमान बिन्दुमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन् ।

**छ) आबद्धताको आधारमा**

कथाको कथानकसँग पात्रको सम्बन्ध गँसाइलाई आबद्धता भनिन्छ । यस आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्ध पात्रलाई झिक्दा कथाको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकमा खासै हलचल उत्पन्न हुँदैन (बराल र एटम, २०६६, पृ. ३०) ।

‘सखी’ उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक तालिका

| क.सं. | पात्रहरू | लिङ्ग | | स्वभाव | | कार्यका आधारमा | | | प्रवृत्ति | | जीवन चेतना सम्बन्धका आ. | | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | स्थिर | गतिशील | प्र. | सहा. | गौ | अनु. | प्रतिकु. | उ. | म. | नि. | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १. | किस्मती | | + | + | | + | | | + | | + | | | + | | + | |
| २. | मानव | + | | + | | + | | | + | | + | | | + | | + | |
| ३. | हजुरबा | + | | + | | + | | | + | | + | | | + | | + | |
| ४. | काका | + | | | + | | + | | + | | | + | | | + | | + |
| ५. | काकी | | + | + | | + | | | + | | + | | | + | | + | |
| ६. | कर्णबहादुर | + | | | + | | | + | | + | | + | | | + | | + |
| ७. | मालती | | + | | + | | + | | + | | | + | | | + | | + |
| ८. | चित्रबहादुर | + | | | + | | | + | | + | | | + | | + | | + |
| ९. | हजुरआमा | | + | + | | + | | | + | | + | | | + | | + | + |
| १०. | सुखराम | + | | | + | | | + | + | | | | + | | + | | + |
| ११. | झुमा | | + | | + | | | + | | + | | | + | | + | | + |
| १२. | प्रिया | | + | | + | | | + | | + | | | + | | + | | + |
| १३. | चन्द्र | + | | | + | | + | | + | | | + | | | + | | + |
| १४. | आशा | | + | | + | | + | | | + | | | + | | + | | + |
| १५. | चन्द्रलाल | + | | | + | | | + | | + | | + | | | + | | + |
| १६. | करणसिंह | + | | + | | | + | | + | | + | | | + | + | | + |
| १७. | प्रेमलाल | + | | | + | | | + | | + | | | + | | + | | + |
| १८. | लाटी दमिनी | | + | | + | | | + | | + | | | + | | + | | + |
| १९. | कुमारी | | + | + | | | + | | + | | + | | | + | | + | |
| २०. | निलकण्ठ | + | | + | | + | | | + | | | + | | + | + | | + |
| २१. | मनोरथा | | + | | + | | | + | | + | | | + | | + | | + |
| २२. | काइँली कार्की | | + | | + | | | + | | + | | + | | | + | | + |
| २३. | हर्कबहादुर | + | | | + | | | + | | + | | | + | | + | | + |
| २४. | काइँला काका | + | | | + | | + | | + | | | + | | | + | | + |
| २५. | फिरुलाल | + | | + | | + | | | | + | | | + | + | | + | |
| २६. | आमा | | + | + | | + | | | | + | | | + | + | | + | |

## ४.१.४ ‘सखी’ उपन्यासमा पात्रहरूको शैलीवैज्ञानिक विश्लेषण

सखी उपन्यास बहुपात्रीय जीवनीपरक निबन्ध हो । यसमा किस्मती, मानव, हजुरबुबा, काका, काकी, कर्णबहादुर, मालती, चित्रबहादुर, हजुरआमा, सुखराम, झुमा, प्रिया, चन्द्र, आशा,

चन्द्रलाल, करणसिंह, प्रेमलाल, लाटी दमिनी, कुमारी, निलकण्ठ, मनोरमा, काइँली काकी, हर्कबहादुर, फिरुला, आमा आदि हुन् ।

**पुरुष पात्रको चरित्र चित्रण**

लिङ्गका आधारमा यस 'सखी' उपन्यासका पुरुष पात्रहरू धेरै छन्, जस्तैः मानव, हजुरबा, काक, कर्णबहादुर, चित्रबहादुर, सुखराम, चन्द्र, चन्द्रलाल, करणसिंह, प्रेमलाल, निलकण्ठ, हर्कबहादुर, काइँलाकाका, हर्कबहादुर आदि पुरुष पात्रहरू हुन् ।

**क) मानव**

'सखी' उपन्यासको मुख्य भूमिका निर्वाह गर्ने पात्र वा यी पात्रहरूलाई झिकिदिँदा कथा नै नहुने पात्रहरू हुन् । यस उपन्यासको मुख्य पुरुष पात्रको रूपमा मानव रहेको छ । मानवले उपन्यासको प्रमुख भूमिका खेलेको पाइन्छ । मानव यस उपन्यासमा नहुने हो भने उपन्यासको कथानक अघि बढ्न सक्दैन । मानवले यस उपन्यासको केन्द्रीय भूमिका खेलेको हुनाले यस उपन्यासको प्रमुख पुरुष म पात्र हो ।

**ख) हजुरबा**

हजुरबा पनि 'सखी' उपन्यासको प्रमुख भूमिका निभाउने पात्र हो । हजुरबाले यस उपन्यासको कथानकलाई अगाडि बढाउन सहयोग गरेको छ । यस उपन्यासमा हजुरबाले केन्द्रीय भूमिका खेलेको छ ।

यस 'सखी' उपन्यासमा सहायक पुरुष पात्रहरू रहेको पाइन्छ । जसमा निलकण्ठ, फिरुलाल आदि रहेका छन् ।

अनुकूल पात्रहरू ती हुन् जो कथाको कथानकलाई अगाडि बढाउँदा सकारात्मक भएका छन् । जसले गर्दा कथाबाट केही राम्रा कुराहरू सिकाउन खोजिएको छ । यस उपन्यासका अनुकुल पात्रहरूमा काका, हजुरबा, सुखराम, चन्द्र, करणसिंह, हर्कबहादुर, फिरुलाल आदि रहेका छन् ।

जुन पात्र उपन्यासको कथावस्तुलाई अगाडि बढाउँदा नकारात्मक भएका छन्, ती पात्रहरू प्रतिकूल पात्र हुन् । यस 'सखी' उपन्यासमा प्रतिकूल पात्रका रूपमा मानव आएको छ । उसले मानवले किस्मतीसँग किस्मतीलाई विवाह गर्ने वचन दिएर ऊ भागेको छ तर अन्त्यमा किस्मतीसँग भेट भएको छ ।

'सखी' उपन्यासको स्थिर पात्रको रूपमा हजुरबा रहेको छ । उसले गाउँबाट ल्याएर पढाएको छ ।

यस 'सखी' उपन्यासको गतिशील पुरुष पात्रका रूपमा काका देखिएको छ। काकाले मानवलाई गाउँबाट ल्याएर पढाउने काम गरेको छ।

कथानकमा बाँधिएका र कार्यव्यापारमा समेत प्रत्यक्ष संलग्न रहेका पात्रहरूलाई मञ्चीय पात्र भनिन्छ। यस कथामा प्रयोग भएका काका, कर्णबहादुर, काइँला काका आदि मञ्चीय पात्रहरू हुन्। जसको भूमिका निर्वाह प्रत्यक्ष संलग्नताको आधारमा भएको छ।

'सखी' उपन्यासको नेपथ्य पात्रको रूपमा काका, कर्णबहादुर, चित्रबहादुर, सुखराम, चन्द्रलाल, करणसिंह, प्रेमलाल, निलकण्ठ, हर्कबहादुर, काइँला काका रहेका छन्। यी पात्रको उपन्यासमा प्रत्यक्ष भूमिका रहे पनि केही समय मात्र रहेको छ।

जुन पात्रहरूलाई भिकिदिँदा कथाको संरचना नै भताभुङ्ग हुन्छ। त्यस्ता पात्रहरूलाई बद्ध पात्र भनिन्छ। यस कथाका बद्ध पुरुष पात्र भनेका मानव, हजुरबा, फिरुलाल आदि हुन्। यस उपन्यासमा उनीलाई झिकिदिने हो भने कथानक नै टुङ्गिन्छ र उपन्यासलाई अगाडि बढाउन सकिँदैन।

**स्त्री पात्रहरू**

सखीको मुख्य पात्र थारु समुदायको कमलरी केटी किस्मती चौधरी हो। जसको वरिपरि पूरै उपन्यास घुमेको छ। जसमा सानु बुवा, राजा कर्णबहादुर लगामत जमिनदारले कस्तो रबैया अपनाउँथे भन्ने चित्रणले सखीलाई जीवन्त बनाउने जमर्को गरेको लेखक बताउँछन्। 'कृतिको मुख्य पात्र किस्मती चौधरी थारु समुदायको जमिनदारकै छोरी हो। किस्मती जन्मनुभन्दा पहिले त्यसका बाजे आन्दोलनमा गएका थिए। उसका छोराहरू पहाडी जमिनदारहरूको संगतले जँड्याहा बनेका हुन्छन्।

यस 'सखी' उपन्यासकी प्रमुख स्त्री पात्र किस्मती हो। यस उपन्यासबाट किस्मतीलाई झिकिदिँदा उपन्यासको कथावस्तु अगाडि बढाउन सकिँदैन। किस्मतीले यस उपन्यासमा केन्द्रीय भूमिका खेलेकी छ र उसलाई यस उपन्यासकी प्रमुख स्त्री पात्र मानिन्छ।

यस 'सखी' उपन्यासको अनुकूल स्त्री पात्र किस्मती नै हो। उसले यस उपन्यासको कथानकलाई अगाडि बढाउने क्रममा सकारात्मक भूमिका खेलेकी छिन्।

'सखी' उपन्यासको स्थिर पात्र किस्मती हो। उसले यस उपन्यासमा समय, परिस्थिति अनुकूल परिवर्तन हुन सकेकी छैन। जस्तो परिस्थितिमा पनि आफूले आफूलाई सम्हालेर अगाडि बढिरहेकी छ।

'सखी' उपन्यासमा बद्ध स्त्री पात्रका रूपमा किस्मती आएकी छे। जसलाई यस उपन्यासबाट झिकिदिँदा उपन्यास अपूर्ण हुन्छ र कथानक नै भताभुङ्ग हुन्छ। यसैले ऊ यस उपन्यासकी बद्ध स्त्री पात्र हुन् । अरु बद्ध पात्रहरूमा काकी, हजुरआमा, कुमारी, आमा आदि रहेका छन् ।

'सखी' उपन्यासमा धेरै स्त्री पात्रहरू छैनन् । यस उपन्यासको मञ्चीय स्त्री पात्र किस्मती, काकी, हजुरआमा, कुमारी, आमा आदि हुन् । उनीहरूको प्रत्यक्ष संलग्नताका आधार कथावस्तु अगाडि बढाइएको छ ।

### ४.२ भाषागत आधारमा 'सखी' उपन्यासको शैलीवैज्ञानिक विश्लेषण

### ४.२.१ शब्द चयनका आधारमा 'सखी' उपन्यास

भाषाको न्युनतम सार्थक एकाइ नै शब्द हो । विभिन्न ध्वनिहरू मिलेर ती ध्वनिहरूको सार्थक संयोजन नै शब्द हो । शब्द छनोटले कृतिलाई स्रष्टाले ओजपूर्ण, उपयुक्त भावाभिव्यक्तिलाई अर्थपूर्ण बनाउने काम गर्दछ। भाषिक अभिव्यक्तिका क्रममा शब्दचयन महŒवपूर्ण हुन्छ। उपन्यासकारले एउटै अर्थ दिने सामाजमा प्रचलित विभिन्न शब्दहरूमध्ये कुनै एउटालाई आफ्नो कृतिमा प्रयोग गर्दछन् । 'सखी' उपन्यासमा पनि उपन्यासकार रामलाल जोशीले शब्द चयनका माध्यमबाट विभिन्न विषयलाई अर्थपूर्ण ढङ्गबाट अभिव्यक्ति प्रस्तुत गरेको पाइन्छ ।

**तत्सम शब्दको चयन**

संस्कृत भाषाबाट नेपाली भाषामा आउँदा रूप नफेरिइकन जस्ताको तस्तै आएका शब्द नै तत्सम शब्द हुन् । प्रस्तुत उपन्यासमा तत्सम शब्दहरू सान्दर्भिक तरिकाले प्रस्तुत गरेको पाइन्छ :

क) अत्यधिक रूपमा बढेको चिसोको कारण सालघारी मुक्त कमैया शिविरका सातजना वृद्धवृद्धाको मृत्यु (जोशी, २०७५, पृ. १) ।

ख) आँखा धेरै तिखारेर तुवाँलो छेड्न सक्छ मात्रै अलिअलि सक्दा मात्रै अलिअलि देखिन्थ्यो पूर्वी आकाशमा जून (जोशी, २०७५, पृ. ७) ।

ग) मान्छे रुग्ण र बूढो थियो (जोशी, २०७५, पृ. २७) ।

घ) आर्यघाटको दायाँ किनारामा अग्निदेवले एउटी देवीको कोमल शरीर खरानी पार्दा त्यहाँ प्रियम्वदाको शरीर मात्र जलेको थिएन (जोशी, २०७५, पृ. २६१)

ङ) नदीमा पौडी खेलेर आएजस्तो मेरो शरीर निथ्रुक्क पानीले भिजेको जस्तै (जोशी, २०७५, पृ. १४९) ।

यी माथिका रेखाङ्कित गरिएका शब्दहरू यस उपन्यासमा प्रयुक्त तत्सम शब्दका केही उदाहरणहरू हुन् । यस्ता शब्दहरू उपन्यासमा सार्थक रूपमा प्रयोग भएका छन् । उपन्यासकारद्वारा यस उपन्यासमा प्रशस्त मात्रामा तत्सम शब्दको स्वतन्त्र चयन गरी प्रयोग गरिएको छ । यस्ता विभिन्न विकल्पहरूमध्येबाट गरिएको तत्सम शब्दको चयनले उपन्यासको भावाभिव्यक्तिलाई अर्थपूर्ण तथा तिख्खर बनाउनुका साथै उपन्यासलाई प्रभावकारी र विशिष्ट बनाएको छ ।

**तद्भव शब्द चयन**

संस्कृतबाट रूप फेरिएर नेपाली भाषामा प्रयुक्त शब्दलाई तद्भव शब्द भनिन्छ । यस उपन्यासमा प्रयोग गरिएका तद्भव शब्दलाई निम्न उदाहरणले प्रष्ट पार्दछः

क) जाघतिरबाट बगेर पैतालासम्म पुग्दो हो पिसाबको लहरा (जोशी, २०७५, पृ. ५) ।

ख) मंसिर अन्तिम साँझ तुवाँलोमा डुबेर गयो (जोशी, २०७५, पृ. ५) ।

ग) पुषको पारिलो घाम खलिहानको पराली खातमा बाजे लट्ठ निदाउनुभयो (जोशी, २०७५ पृ. ११) ।

घ) आँखा त्यसैत्यसै रसाएर आए । मैले हेरिरहेँ दुइटा मायालु अनुहार (जोशी, २०७५, पृ. २६५) ।

ङ) तेस्रो दिन झिसमिसैमा लडिया कस्यो सुखरामले (जोशी, २०७५ पृ. २९) ।

माथि रेखाङ्कित गरिएका शब्दहरू 'सखी' उपन्यासमा प्रयुक्त भएका तद्भव शब्दहरू हुन् । वाक्य निर्माणमा सहयोगमा सहयोग पुऱ्याउँछ ।

**आगन्तुक शब्द चयन**

अन्य विभिन्न भाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । यस उपन्यासमा आगन्तुक शब्दहरूको प्रयोग सार्थक रूपमा गरिएको छ :

क) ओहो ! एकाबिहानै मूसाहरूको सफाया चलेको थियो गज्जबले (जोशी, २०७५, पृ. ११) ।

ख) अचेनानेर राखेको छेद परेको कराही र सिलावरको पुरानो डेक्ची ल्याएर दिएँ (जोशी, २०७५ पृ. २८) ।

ग) टिफिन टाइम आइहाल्यो कराउँदै ठण्डा वरफवाला (जोशी, २०७५ पृ. ६३) ।

घ) विस्तारामा पल्टिन मन लागेन मलाई (जोशी, २०७५ पृ. १८२) ।

ङ) गाउँका स्कुल छुटाएर सदरमुकाममा पठाइएका थिए (जोशी, २०७५ पृ. १८८) ।

माथि रेखाङ्कित गरिएका शब्दहरू आगन्तुक हुन् । नेपाली, संस्कृत र प्राकृत भाषाभन्दा भिन्न नेपालमा बोलिने भाषाभाषी र अन्य बाहिरबाट आएका शब्दले वाक्यलाई पूर्णता दिने काम गर्दछ ।

**झर्रा तथा अनुकरणात्मक शब्द चयन**

कुनै अन्य स्रोतबाट नआई नेपाली भाषामा आफैं उत्पन्न भएका तथा नेपाली परिवेशसँग मेल खाने शब्दहरू नै झर्रा नेपाली शब्द हुन् । कुनै पनि कुराको ध्वनि, आवाज, घटना, प्राकृतिक रूपबाट उत्पन्न भई उत्पन्न ध्वनिलाई नक्कल गरी शब्दमा जस्ताको तस्तै प्रयोग गर्न सकिने शब्द अनुकरणात्मक शब्द हुन् । यस्ता शब्दहरूले भाषालाई निख्खर, झरिलो, मीठो र गुलियो पार्ने काम गर्दछन् । 'सखी' उपन्यासमा अनुकरणात्मक र झर्रा शब्दहरूको प्रशस्त प्रयोग गरिएको छ । जसलाई निम्नानुसार देखाइएको छ :

क) गाई भैंसीका घाँटीमा टिनटिन घण्टी र घाँडा बजिरहन्थे (जोशी, २०७५ पृ. ३९) ।

ख) पानी नखानुको उपाय पनि के थियो र ? घुटुघुटु त्यही पानी घुट्क्याउनु विशेषता थियो ( जोशी, २०७५ पृ. ८१) ।

ग) अहह हावामा उडेको धुलोभन्दा हलुको भइदिएको थिएँ म (जोशी, २०७५ पृ. ६३) ।

घ) ऊ मुस्कुराइदिई गुलाफ सरी, उफुफुफुफु (जोशी, २०७५ पृ. २२०) ।

ङ) गोरुका पुच्छर निमोठ्दै ऊ कराइरह्यो, आँआँ तकतकतक तकतकतक (जोशी, २०७५ पृ. १२६) ।

माथिका रेखाङ्कित शब्दहरू शब्दहरू झर्रा र अनुकरणात्मक हुन् । यी शब्दले वाक्यको अर्थलाई वाक्यलाई अर्थ मिठास दिने काम गर्दै लम्ब्याउने काम गरेको छ ।

**द्वित्व शब्द चयन**

शब्दको पुनरावृत्त हुने प्रक्रियालाई द्वित्व शब्द भनिन्छ । रामलाल जोशीको 'सखी' उपन्यासमा निम्नअनुसार द्वित्व शब्दहरू प्रयोग भएका छन् ।

क) सयौं लडियाका चक्काबाट चुइचुइ आवाज आइरहेको थियो (जोशी, २०७५ पृ. ३०)

ख) सधैं उदास लाग्ने उसका ठूलाठूला आँखाहरू उस्तै थिए (जोशी, २०७५ पृ. ३००) ।

ग) डगौरा सर आएर पटकपटक धेरै कुराहरू सिकाएर जानुहुन्थ्यो (जोशी, २०७५ पृ. ३१८) ।

घ) ऊ डराएर हात टकटक्याउन थाली (जोशी, २०७५ पृ. ३२९) ।

ङ) शीतबिन्दु गिर्ने बुदबुदे पानीमा भिज्दै म सखीसँग टाँसिन आइपुग्थे (जोशी, २०७५ पृ. १८५) ।

च) भदौको गर्मी पनि कस्तो ? गुमसुम गुमसुम गुमसुम (जोशी, २०७५ पृ. ७९) ।

माथिका रेखाङ्कित भएका शब्दहरू रामलाल जोशीको 'सखी' उपन्यासमा प्रयोग भएका शब्दहरू द्वित्व हुन् । यस्ता शब्दले उपन्यासलाई जीवन्तता प्रदान गरेको छ ।

**नाम शब्दको चयन**

नेपाली परम्परागत व्याकरणअनुसार नाम भन्नाले व्यक्ति, वस्तु र स्थानलाई बुझाउने शब्दको रूपमा यसलाई परिभाषित गरिन्छ । कुनै पनि व्यक्ति, वस्तु, स्थान, गुण, भाव आदिको परिचय गराउने शब्दलाई नाम भनिन्छ । आधुनिक व्याकरण अनुसार नाम भन्नाले कर्ता, कर्म र पूरक भई आउने शब्दलाई नामको रूपमा लिइन्छ । व्याकरणिक कार्यका आधारमा नामलाई निम्नानुसार विभाजन गर्न सकिन्छ: सङ्ख्येय र असङ्ख्येय नाम, मानवीय र मानवेत्तर नाम, सजीव र निर्जीव नाम व्यक्तिगत र जातिवाचक नाम गरी जम्मा चार भागमा वर्गीकरण गरेको पाइन्छ । जोशीको 'सखी' उपन्यासमा प्रयुक्त नाम शब्दहरू निम्नानुसार छन् :

क) छोरो बिरामी पर्दा लिएको पैसा तिर्न नसकेपछि चन्द्रलालले नहर लाग्ने दुई विगाहा खेत काइँला काकाको नाममा राजिनामा गरियो (जोशी, २०७५ पृ. ८५)

ख) गाडी उत्रिएर सखी सरासर कोठामा प्रवेश गरी (जोशी, २०७५ पृ. ३०२) ।

ग) यता जयरामको आँगनमा सुँगुरको मासु वरिपरि घेरो थियो मान्छेको (जोशी, २०७५ पृ. १०१) ।

घ) मालती मैयासँग बस्ने हिम्मत कस्को थियो बौनियाँ स्कुलमा ? कसैको थिएन (जोशी, २०७५ पृ. १७) ।

ङ) सखी मेरो अँगालोमा थिई भने म उसको बाहुपासमा थिएँ (जोशी, २०७५ पृ. १३७) ।

माथि रेखाङ्कित गरिएका शब्दहरू नाम हुन् । 'सखी' उपन्यासमा यस्ता नामको प्रयोगले उपन्यासलाई सरल बनाई पाठकले बुझ्न सक्ने बनाएको छ ।

**सर्वनामको चयन**

परम्परागत व्याकरणअनुसार सर्वनाम भन्नाले नामको सट्टामा प्रयोग हुने शब्दलाई जनाउँछ । आधुनिक व्याकरणले नाम, उपवाक्य र वाक्यको सट्टामा सर्वनामको प्रयोग गरिने

कुरालाई परिभाषित गर्दछ। सर्वनामको प्रयोग औचित्य नै एउटै अभिव्यक्तिलाई पटक-पटक आवृत्ति एवम् पुन प्रयोग हुन नदिनु हो जसको माध्यमबाट रचनामा आकर्षण पैदा गरिन्छ। रामलाल जोशीको 'सखी' उपन्यासमा प्रयोग भएका सर्वनामहरू निम्नानुसार छन् :

क) निसंकोच धाराप्रवाह रूपमा आफ्ना विचारहरू प्रस्तुत गर्न सक्थी ऊ (जोशी, २०७५ पृ. २४५)।

ख) अनायास वसन्त ऋतुमा ऊ मेरो मुटुमा जोडिन आई (जोशी, २०७५ पृ. २५४)।

ग) अघिका दिनहरूमा उसका छेउ पर्न पनि घिन मान्ने मान्छे म। आज उसको हात समातेर जुनेली रातमा हिँडिरहेको थिएँ (जोशी, २०७५ पृ. ११७)।

घ) हाम्रो आन्दोलनमा जतिबेला ऊ सहभागी हुन आउँथ्यो। ऊसँग एकजना विदेशी महिला सडक किनारामा फोटो खिच्दै हिँड्थी (जोशी, २०७५ पृ. ३२२)।

माथिका रेखाङ्कित शब्दहरू सर्वनाम हुन्। यी शब्दले नामको पुनरावृत्तिलाई हटाएर भाषालाई चिटिक्क बनाएको छ।

**विशेषणको चयन**

नाम वा सर्वनामको गुण, दोष, सङ्ख्या, मात्रा आदि जनाउने पद नै विशेषण हुन्। विशेषणले वाक्यलाई झरझराउँदो बनाउँछ। 'सखी' उपन्यासमा प्रयुक्त विशेषण शब्द निम्नानुसार छन् :

क) गाउँको धुलाम्य सडकम लडियाहरू यताउता हिँडिरहेका थिए (जोशी, २०७५ पृ. ३२)।

ख) आँगन असरल्ल लास छरिएझैँ दीनहीनहरूलाई छुट्टाछुट्टै कटेराहरूमा राख्न लगाई ( जोशी, २०७५ पृ. ३४२)।

ग) गरिब थारुहरू नाङ्गा त उसै थिए। भोकभोकै रहेर मुक्तिका लागि लडिरहन्थे (जोशी, २०७५ पृ. १८७)।

घ) दशमा पुग्दा स्कुले जीवनको उत्कर्ष काल थियो (जोशी, २०७५ पृ. १३८)।

ङ) एउटा महान जिन्दगीको बारेमा गरिएको आवेशपूर्ण निर्णय सरासर गलत थियो (जोशी, २०७५ पृ. २४९)।

**क्रियापदको चयन**

क्रिया भनेको कुनै कार्य वा प्रक्रिया हुनु हो । कुनै पनि कार्यव्यापारको घटना प्रक्रिया वा अवस्था बुझाउने पदलाई क्रियापद भनिन्छ अर्थात् कुनै काम हुने वा भएको बारेमा बुझाउने पद क्रियापद हुन् । रामलाल जोशीको 'सखी' उपन्यासमा क्रियापदको प्रयोग यसरी गरिएको छ :

क) लडियामाथि उभिएर मैले राजपुरको आवाघर हेरेँ । घनघोर जङ्गलभन्दा पर बादलको नजिक सेतो आवाघर देखियो राजापुरको (जोशी, २०७५ पृ. ३३) ।

ख) अकवर भवनभन्दा अगाडि पैसा लिएपछि ऊ भनेर गयो, "आप लोगो कि जोडी सदा सलामत रहे" (जोशी, २०७५ पृ. २५८) ।

ग) उसको आवाज नसकिँदै सखीलाई भक्कानो छुट्यो । उसले आँखा छोपी । हेरिरहेका बुढाबुढीहरू उसका नजिक गए (जोशी, २०७५ पृ. ३३८) ।

घ) जम्मा सातहजार दिनहरू सखीबिना बितेका थिए तर उसलाई बिर्सन सकेको थिइन (जोशी, २०७५ पृ. २८१) ।

ङ) एउटा अबोध अवस्था पार गरेपछि किशोर वयमा स्वभाविक चञ्चल दिनहरूमा ऊ चढी । तिनै चञ्चल दिनहरूमा समयले एउटै गुँड बनाइदियो उसको र मेरो (जोशी, २०७५ पृ. ११३)

माथिका रेखाङ्कित रामलाल जोशीको 'सखी' उपन्यासमा प्रयोग भएका क्रियापदका उदाहरण हुन् । विशेषणले नाम र सर्वनामको विशेषता बताउँछ ।

**क्रिया विशेषणको चयन**

क्रियासँग सम्बन्ध राख्ने वा क्रियाको विशेषता वा परिवेश जनाउने पदलाई क्रिया विशेषण भनिन्छ । प्रस्तुत 'सखी' उपन्यासमा प्रयोग गरिएका क्रिया विशेषणहरू यसप्रकार छन् :

क) मेरो कोमल हृदयमा छटपटी विषय थियो । बाजे अगाडि अगाडि सानो झोला बोकेर खुरुखुरु हिँड्ने पुरानो कल्पना र रहर अहिले कता हराइगएको थियो (जोशी, २०७५ पृ. ५१) ।

ख) भित्रैदेखि आएको रुवाइलाई सकीनसकी रोकेर बाजेको अनुहारमा पुलुक्क हेरी हाँसिदिएँ ( जोशी, २०७५ पृ. ५१) ।

ग) कहिलेकाँही बाजेलाई पहाड जाने छटपटी बढेर आउँथ्यो (जोशी, २०७५ पृ. ६२) ।

घ) मेरो हृदयमा माया मीठो कुतकुती चल्दै थियो (जोशी, २०७५ पृ. १४२) ।

ङ) मात्तिएका यति थिए कि मालिकका जञ्जीर तोडेर कमैयाहरूलाई मुक्त हुन ललकारी रहेका थिए (जोशी, २०७५ पृ. १९८) ।

**नामयोगी चयन**

नाम वा नामझैं प्रयोग हुने वा सर्वनाम आदिको पछिल्तिर जोडिएर आउने शब्दलाई नामयोगी भनिन्छ । विभिन्न अर्थ सम्बन्धहरू जनाउनका लागि नामसँग जोडिएर आउने शब्द नै नामयोगी हुन् । 'सखी' उपन्यासमा प्रयुक्त नामयोगीका केही उदाहरणहरू निम्नानुसार छन् :

क) म तपाई बहुत प्यार गर्छु रे । म अरुसँग जानै सक्दिन । तँसँग भोज गर्छु बुझिस् (जोशी, २०७५ पृ. १३४) ।

ख) कैकेयी जस्तै लाग्ने एक परासुन्दरीसँग मैले हार्नु थिएन (जोशी, २०७५ पृ. २२४) ।

ग) म उहाँसँगै विवाह गर्न चाहन्थे । तर स्वयं उहाँले रोकिरहनु भएको थियो (जोशी, २०७५ पृ. ३०) ।

घ) वहिरङ्ग र विभागहरू समेत खचाखच भरिएका थिए (जोशी, २०७५ पृ. १३३) ।

ङ) दश वर्ष उसैसँग बसेँ तर अहिले त्यो सज्जना आइमाई अर्कैसँग पो मायामा परेर यिनलाई छोडी (जोशी, २०७५ पृ. २३२) ।

माथि रेखाङ्कित शब्दहरू रामलाल जोशीको 'सखी' उपन्यासमा प्रयोग भएका नामयोगीका उदाहरणहरू हुन् । यी नामयोगी शब्दले वाक्यलाई आवश्यकताअनुसार जोड्ने काम गर्दछ ।

**संयोजकको चयन**

दुई वा दुईभन्दा बढी वाक्य, उपवाक्य तथा पदहरूलाई जोड्ने शब्दलाई संयोजक भनिन्छ। यसले शब्द वा उपवाक्यलाई जोड्ने काम गर्दछ। यसलाई योजक पनि भनिन्छ। प्रकार्यका दृष्टिले वाक्यलाई पदावली, उपवाक्य, वाक्य आदिलाई जोड्ने बन्द समूहको अविकारी शब्द वर्ग हो । 'सखी' उपन्यासमा प्रयुक्त केही संयोजक निम्नअनुसार छन् :

क) दिनभर नारा, जुलुस, धर्ना र  कोठे सभामा भाग लिएर आउँदा बङ्खु ज्यादै थाकेको हुन्थ्यो (जोशी, २०७५ पृ. २०१)

ख) निधार र निर्वस्त्र कन्धाउपर चन्दनको लेप लगयो (जोशी, २०७५ पृ. १०९)

ग) खेतमा भेटिने पानी सर्प र विच्छी त झन के भाउ थियो र ? (जोशी, २०७५ पृ. ६७)

घ) भाँडाकुँडा अनि लत्ता कपडा दिए दाताहरूले ((जोशी, २०७५ पृ. २०५)

ङ) कुकुर र स्यालहरूलाई समेत मनाही थियो भुक्न र कराउन । त्यसैले त मौन थिए, राजीपुरका हुल्याहा कुकरर अनि स्यालहरू । (जोशी, २०७५ पृ. १५५)

माथि रेखाङ्कि शब्दहरू रामलाल जोशीको 'सखी' उपन्यासमा प्रयोग भएका संयोजकका उदाहरणहरू हुन् । संयोजकले वाक्य, शब्द र शब्दावलीलाई जोड्ने काम गर्दछ ।

**निपातको चयन**

भाषामा सौन्दर्य, चमक र मधुरता दिन र नजिकको शब्द वा वाक्यको अर्थलाई प्रभाव पार्ने अविकारी शब्द नै निपात हो । निपातले आग्रह, अवधारणा, सहमति, प्रश्न, आशङ्का, अनिश्चय र अनुनय गर्न कुनै शब्दमा आश्रित भई त्यही शब्दको अर्थलाई घोतन गर्दछन्, जस्तैः

क) झमक्क रात परेपछि पो थाहा हुन्थ्यो ओहो ! सूर्य नदेखाइ गएछ आजको दिन (जोशी, २०७५ पृ. ८६)

ख) "लौ जा, अब जा, लुगा फेरेर भात खा, अब जा"(जोशी, २०७५ पृ. १९)

ग) क्षणभरमै त्यो त पानी पानी भएर बग्न थाल्यो आँशुबाट (जोशी, २०७५ पृ. ४९)

घ) मैले त पैल्यै भनेकी हुँ, काँइला बा, अब कसको हड्डी घोट्नु छ र ! (जोशी, २०७५ पृ. ४१)

ङ) सिला पिनेका धान देखेर बाजेले भन्नुभयो- 'लौ यी धान बेचेर सत्ती मेलामा तिमीहरू आफ्नो मन लागेको चिज किन्नू, दुवैलाई बराबर भो" (जोशी, २०७५ पृ.१३४) ।

माथि रेखाङ्कित शब्दहरू 'सखी' उपन्यासमा प्रयोग भएका निपातका उदाहरणहरू हुन् । निपातले वाक्यको बीचबचिमा आएर वाक्यको अर्थलाई मिठास दिने काम गर्दछ ।

**विस्मयादिबोधक चिह्नको प्रयोग**

हर्ष, विस्मात, घृणा, आश्चर्य, दुःख, निराशा आदि प्रकट गर्दा प्रयोग गरिने चिह्न नै विस्मय चिह्न हुन् । 'सखी' उपन्यासमा प्रयोग गरिएका यस्ता चिह्नहरूको उदाहरण निम्नअनुसार प्रस्तुत गरिएको छः

क) लै लो, ठण्डा वरफ ! टुटाफुटा लोहा, वर्तन, प्लाष्टिक से लै लो ठण्डा वरफ ! (जोशी, २०७५ पृ. ६५) ।

ख) कठै ! एउटी कोमल युवतीको कठोर वाणी मुटुमा बिझेपछि बल्ल आँखा खुले मेरा (जोशी, २०७५ पृ. २८६) ।

ग) ओहो ! गाउँ कहाँ गाउँजस्ता रहेर यहाँ अचेल (जोशी, २०७५:२९०) ।

घ) उफ् ! तिम्रो जिद्दी बानी फेरि उस्तै हँ ! (जोशी, २०७५ पृ. ३१०) ।

ङ) अहँ ! होइन कदापि होइन ! (जोशी, २०७५ पृ. २४९) ।

माथिका उदाहरणमा आएका विस्मय चिह्नहरूले ‘सखी’ उपन्यासमा प्रयोग भएका छन् । यी शब्दले वाक्यमा हर्ष, विमस्त र घृणा जनाउने काम गर्दछ ।

**४.२.२ वाक्य चयन**

वाक्य भाषिक संरचनाको सबैभन्दा ठूलो सार्थक एकाइ हो । भाषाका कथ्य र लेख्य पक्ष छन् । लेख्य सन्दर्भमा भने वाक्यभन्दा माथि प्रकरण र सङ्कथन पनि आउँछ तर मूलतः कथ्य रूपलाई भाषाको मूल रूपमा लिइने हुनाले अभिव्यक्तिका क्षेत्रमा भाषाको आधारभूत एकाइका रूपमा वाक्यलाई लिइन्छ । व्याकरणिक संरचनामा वाक्य लघुतम भाषिक एकाइ हो । वाक्यको संरचनापूर्ण हुने हुँदा यो स्वतन्त्र एकाई हो । वाक्यलाई सरल, संयुक्त, मिश्र वाक्य, लामा छोटा वाक्यहरू आदिमा विभाजन गरिएको पाइन्छ । ‘सखी’ उपन्यासका विभिन्न प्रकारका वाक्यहरू प्रयोग गरिएको पाइन्छ । जसलाई तलको उदाहरणले स्पष्ट पार्दछ :

**सरल वाक्य**

एउटा मात्र समापिका भएको वाक्यलाई सरल वाक्य भनिन्छ । ‘सखी’ उपन्यासमा प्रशस्तै सरल वाक्यको प्रयोग भएको देखिन्छ, उदाहरणः

क) मलाई यो कुरा मञ्जुर भएर (जोशी, २०७५ पृ. ३२३) ।

ख) उसले मेरा पाखुरा समाती हाल्यो (जोशी, २०७५ पृ. १७३) ।

ग) गुरु पनि आइपुग्नु भयो (जोशी, २०७५ पृ. ६९) ।

घ) स्कुलमा भोग लाग्ला (जोशी, २०७५ पृ. ९१) ।

माथिका वाक्यहरू रामलाल जोशीको ‘सखी उपन्यासमा प्रयोग भएका सरल वाक्यका उदाहरणहरू हुन् । सरल वाक्यमा एउटै मात्र समापिका क्रिया रहेको हुन्छ ।

**मिश्र वाक्य**

दुई वा दुईभन्दा बढी सरल वाक्य मिलेर जब तब जहाँ तहाँ जस्ता संयोजक लागेर बनेको वाक्यलाई मिश्र वाक्य भनिन्छ । ‘सखी’ उपन्यासमा मिश्र वाक्यको प्रयोग भएको पाइन्छ, जस्तैः

क) जहाँ जहाँ गएर सगालेका सुखदुखका सम्झनाहरू थिए ती सबै फिलिमको रिल घुमेझैं घुमिरहेका थिए  दुरानीको सम्झनामा (जोशी, २०७५ पृ. २१०) ।

ख) सबै कुरा उस्ताका उस्तै थिए परन्तु मेरा लागि जो जो हुनुपर्ने थियो ती ती थिएनन् ( जोशी, २०७५ पृ. २७५) ।

ग) उसबेला सोच्यो सखीविनाको संसार कस्तो होला ? यसबेला अनुभव भयो पानीविनाको माछा जस्तै (जोशी, २०७५ पृ. २८०) ।

घ) जहाँ म पुग्छु त्यहीबाट लखेटिरहन्छ यो भाग्यले मलाई (जोशी, २०७५ पृ. १८२) ।

**संयुक्त वाक्य**

वाक्यमा र, अनि, तथापि, तैपनि जस्ता संयोजक लागेर बनेका वाक्यलाई संयुक्त वाक्य भनिन्छ, जस्तैः

क) भोलिदेखि चाँडै आएर मेरै बेञ्चमा किताब राखिदिनु मानव ! अनि सँगै बसौला (जोशी, २०७५ पृ.१७) ।

ख) हात तातो, निधार तातो, हावा तातो अनि मुन्टो तातो (जोशी, २०७५ पृ. ६५) ।

ग) घर आँगन र भाँडाकुडासँगै आफ्नो सरसफाइमा पनि ध्यान दिन थालेकी थिइँ (जोशी, २०७५ पृ.११५) ।

यस उपन्यासमा सरल, संयुक्त, मिश्र र अन्य लामाछोटा सबै किसिमका वाक्यहरूको प्रयोग गरिएको पाइन्छ ।

**४.२.३ विचलन**

प्रचलित ढाँचालाई उलटपुलट पारेर सौन्दर्य प्रदान गर्ने कार्य नै विचलन हो। सामान्य नियमलाई भङ्ग गरी मानकको अतिक्रमण गर्नु विचलन हो । अभिव्यक्तिको ध्यानाकर्षणका लागि प्रचलित पथ वा संरचनालाई उल्लङ्घन गर्ने काम विचलन हो (भण्डारी र अन्य, २०६८ पृ. ३५) । मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ (शर्मा, २०४८ पृ. ८) ।

रचनालाई परम्पराबाट मुक्त गरी नवीनता ल्याउने प्रक्रियाको निम्ति विचलनले सोदेश्य भूमिका निर्वाह गरेको हुन्छ । कोशीय व्याकरणिक, ध्वनि प्रक्रियात्मक, भाषिकागत, अर्थतात्विक विचलनहरू देखा परेका छन् ।

**कोशीय विचलन**

सामान्य भाषिक अभिव्यक्तिगत प्रयोगमा नआएका, कोशमा नरहेका नयाँ शब्दहरूको निर्माण गरेर प्रयोग गर्नु कोशीय विचलन हो । कोशमा भएका शब्दले मात्र स्रष्टाको अभिव्यक्ति सामर्थ्यलाई बहन गर्न नसकेमा स्रष्टाले नयाँ शब्दको निर्माण वा पुरानै शब्दलाई नौलो रूप दिएर

प्रयोग गर्दछन् भने त्यस्तो विचलनलाई कोशीय विचलन भनिन्छ। यस उपन्यासमा कोशीय विचलन भएका शब्दहरू निम्नअनुसार रहेका छन् :

क) कोही हतार हतारमा ढोडीका पातले दिशा पुछेर घर फर्किरहेका थिए। झाडापानी लगाउनका लागि बोतल वा लोहोटामा कसैले पानी बोकेका देखिएनन् (जोशी, २०७५ पृ. ३१)।

ख) चौरमा बसेका केटीहरूतर्फ हेरेर भन्यो- "भर्खर आको हो पहाडबाट ?" हात समातेर तान्दै उसले भन्यो- "जाउँ ढोडीको जङ्गलतिर मुतेर आउँ। (जोशी, २०७५ पृ. १७)।

ग) घर पुग्दा बाजेले भन्नुभयो "स्यावास !" तँ पढ्न छोडेर सिला बिन्ने भइस् होइन। अब यो हिउँदभरि सारा खेतमा सिला बिन् (जोशी, २०७५ पृ. १२५)।

**व्याकरणिक विचलन**

भाषा व्याकरणिक नियमद्वारा नै व्यवस्थित रहेको हुन्छ। प्रत्येक भाषामा व्याकरणात्मक व्यवस्थाहरू हुन्छन्। लिङ्ग, वचन, पुरुष, काल, पदक्रम आदिमा देखिने विचलन नै व्याकरणिक विचलन हो। यस्तो विचलन पाठकलाई विशेष प्रभाव पार्न वा कृतिको गाम्भीर्य बढाउनका निम्नि स्रष्टाद्वारा आफ्ना कृतिमा गरिएको हुन्छ, साथै रचनाकार व्याकरणिक बन्धनमा बाँधिएर रहन सक्दैन किनकि ऊ आफ्नो अभिव्यक्तिलाई स्वच्छन्द किसिमले साहित्य सिर्जनामा व्यक्त गर्न चाहन्छ। यस उपन्यासमा रहेका व्याकरणिक विचलनका केही उदाहरणहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) सत्तीबजार नाघेपछि घनघोर बेतबारी आयो (जोशी, २०७५ पृ. ३३)।

ख) शरीर पग्लिएर बिस्तारामा पसिनाको आहाल भएपछि कहाँ सुत्नु (जोशी, २०७५ पृ. ८०)।

ग) हेर्दाहेर्दै शरीरमा घमौराका विमिरा छोडेर बर्षा ऋतुले विदा लियो (जोशी, २०७५ पृ. ८३)।

यसरी यस उपन्यासमा प्रयोग गरिएको व्याकरिणक विचलनबाट यस उपन्यासको रचनालाई तिख्याउने काम गरिएको छ।

**ध्वनि प्रक्रियात्मक विचलन**

उच्चारणका क्रममा देखिने विचलनलाई ध्वनि प्रक्रियात्मक विचलन भनिन्छ। विचारहरूको सम्प्रेषणको माध्यम भाषा भएकाले भाषाको एउटा रूप ध्वनि हो। मानकको भााषिक एकाइहरू ध्वनिबाट नै सार्थक बन्न पुगेका हुन्छन्। यसरी भाषिक उच्चाहरणमा हुने विचलनलाई ध्वनि प्रक्रियात्मक विचलन भनिन्छ। साहित्यकारहरूले रचनालाई सारगर्भित र चमत्कारिक

बनाउन मानक भाषाको प्रयोगका साथसाथै कथ्य भाषाको पनि प्रयोग हुने गरेको पाइन्छ । यस उपन्यासमा कथ्यभाषा प्रयोगले प्रशस्त ध्वनि प्रक्रियात्मक विचलन भएको पाइन्छ, जस्तै :

क) गीत, सङ्गीत, नृत्य, खेल, हाँसो, ठट्टा र माया प्रेम जस्ता जीवनका इन्द्रधनुषलाई आफ्नो हृदयमै बोकेर हिँडेको छ नि मान्छे (जोशी, २०७५ पृ. २०६) ।

ख) वर्षा ऋतु चाहिँ थाकेरको बहरझैँ शान्त र उदास भएर विदा भयो (जोशी, २०७५ पृ. २०६) ।

ग) उसका कमनीय जाँघहरू मनलाई पागल बनाउन तम्सिरहेका थिए (जोशी, २०७५ पृ. १३६) ।

घ) कदाचित बादलसँग उडेर ऊ हिमचुलीमा पुग्न पाएकी भए हिउँ लजाएर सरर पग्लने थियो (जोशी, २०७५ पृ. २५५) ।

**अर्थतात्विक विचलन**

वाच्यार्थले चाहेको अर्थ व्यक्त गर्न असक्षम हुँदा रचनामा अर्थतात्विक विचलन हुन आउँछ । यसरी भाषामा आर्थी विचलन भएर साहित्यिक रचनामा कलात्मक र सौन्दर्यको उदय हुन्छ । यस उपन्यासमा प्रयोग भएका अर्थतात्विक विचलनहरूलाई निम्न उदाहरणबाट देखाइएको छ :

क) झुत्रो मैलो लुगा लगाएका सामान्य थारुभित्र यति ठूलो र सुकिलो मन (जोशी, २०७५ पृ. १६६) ।

ख) उफ ! सखी असरल्ल मेरा अगाडि पोखिएकी थिई (जोशी, २०७५ पृ. १३५) ।

ग) आज त मै राजा भएँ । खुशीले उफ्रिएँ (जोशी, २०७५ पृ. ९२) ।

**समानान्तरता**

यो विचलनको विपरीत धर्म हो । जब रचनाकारले आफ्नो सिर्जनामा कुनै भाषिक एकाईको आवृत्ति र पुनरावृत्ति गरेर अलङ्कार, लय, छन्द आदि विशेषतायुक्त बनाउँछन् त्यसलाई समानान्तरता भनिन्छ ।

समानान्तरता छन्द, अलङ्कार, प्रयोगमा प्रशस्त मात्रामा पाउन सकिन्छ । यसको समुचित प्रयोगले भाषिक अभिव्यक्तिका क्रममा कलात्मकताको अभिवृद्धि हुन्छ तर यसको अत्याधिक प्रयोगले भाषिक अभिव्यक्तिलाई आडम्बरपूर्ण बनाउने गर्दछ । समानान्तरताको प्रयोग बढी मात्रामा

पद्य विधामा भए पनि अन्य साहित्यिक विधामा पनि यसको प्रयोग पाइन्छ । समानान्तरतालाई आन्तरिक र बाह्य गरी दुई भागमा विभाजन गरिएको छ ।

**आन्तरिक समानान्तरता**

भावार्थ वा वाच्यार्थको पुनरावृत्ति गरी कृति वा रचनाभित्र सौन्दर्य सृजना गर्ने युक्तिलाई आन्तरिक समानान्तरता भनिन्छ । यस उपन्यासमा उपन्यासकारले आन्तरिक समानान्तरताको प्रयोगले उपन्यासको भाषिक पक्षलाई आलङ्कारिक बनाएका छन् जसलाई तलका उदाहरणबाट स्पष्ट पारिएको छ :

क) किन हामीलाई चटक्क बिर्सिइस् ? किन हामीलाई तड्पाएर मारिस ? (जोशी, २०७५ पृ. २६९) ।

ख) बजिया हो के भि टुटेफुटे माल नही ले ते हो ? म मुस्कुराइदिएँ । ऊ मुस्कुराइदिई (जोशी, २०७५ पृ. २८९) ।

ग) भित्रैदेखि हल्लिएर ऊ घुक्कघुक्क गर्न थाली । मन थाम्न नसकेर म सुँक्कसुँक्क गर्न थालेँ (जोशी, २०७५ पृ. ३२०) ।

**बाह्य समानान्तरता**

एकभन्दा बढी ध्वनि, शब्द, रूप, पदावली, वाक्य आदिको आवृत्ति भई भाषामा बाह्य समानान्तरताको सिर्जना हुन्छ । बाह्य समानान्तरताले भाषिक अभिव्यक्तिलाई रम्याउने र मुस्क्याइलो पार्ने काम गर्दछ । 'सखी' उपन्यासमा प्रयोगमा आएका बाह्य समानान्तरताका केही उदाहरणहरूलाई तल देखाइएको छ ।

क) दुलही भेषमा मनसरा सोह्रसिंगारले सजिएकी थिई । खुट्टामा पाउजुको छमछम, हातमा चुराको छिनछिन, सितारे साडीको चमचम र अरु सिंगारहरूले सुशोभित ऊ रजबाघमा छोडिन लायक स्वतन्त्र पुतली बनेकी थिइँ (जोशी, २०७५ पृ. ४९) ।

ख) अँध्यारो आउँथ्यो कि बड्कु आउँथ्यो टुप्लुक्क, बड्कु आउँथ्यो कि अँध्यारो साँझ आइपुग्थ्यो टुप्लुक्क (जोशी, २०७५ पृ.२३६) ।

ग) आँखाभरि हेरेर मनसरालाई मनभरि सम्झिएँ, उसले मनसरा मनसरा जस्तै थिई तर म मजस्तो थिइँन किन्तु यसबेला म मजस्तै थिएँ तर मनसरा मनसरा जस्ती थिइँन (जोशी, २०७५ पृ. २३६) ।

## ४.३ छलफल/व्याख्या

यस उपन्यासको कथानक आदि, मध्य र अन्त्यको शृङ्खला मिलेका कारण फ्रेटागको पिरामिडका आधारमा विश्लेषण गरिएको छ। तसर्थ उपन्यासको कथावस्तु रैखिक ढाँचामा प्रस्तुत भएको छ। यस उपन्यासमा सङ्ख्यात्मक रूपमा पात्रहरू बढी भए तापनि कथानकलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने पात्रहरूको सङ्ख्या भने सीमित रहेको छ। यस उपन्यासका प्रमुख पात्रका रूपमा सखी रहेकी छ भने मुख्य सहायक पात्रका रूपमा मानव रहेको छ। त्यसैगरी अन्य पात्रहरूमा हजुरबा, हजुरआमा, काइँला काका, काइँली काकी आदि रहेका छन्।

यस उपन्यासमा र सुदूर पश्चिमको तराई हुँदै धनगढीसम्मको परिवेशलाई समेटिएको पाइन्छ। कमलरी, कमैया मुक्तिका लागि गरिएको लडाइँ र लडाइँ सफल भएको साथै गाँस, बासको समेत व्यवस्था भएको जस्ता पक्षहरूको चित्रण गरिएको छ। गरिब, सोझा, सिधा कमैयालाई सामन्त वा पहाडीया समुदायले दिएका पीडालाई यस उपन्यासमा उजागर गरिएको छ। प्रस्तुत उपन्यासमा तत्सम, तद्भव, आगन्तुक, झर्रा एवम् अनुकरणात्मक, नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियाविशेषण, संयोजक, निपात एवम् विस्मयादिबोधक जस्ता शब्दहरूको चयनले भाषा सरल, सहज र उत्कृष्ट बन्न पुगेको छ। तुलनात्मक रूपमा हेर्दा यस उपन्यासको सेरोफेरो थारु भाषा र समुदायसँग सम्बन्धित भएकाले बीचबीचमा थारु भाषा र अश्लील शब्दको प्रयोग बढी मात्रामा भएको पाइन्छ भने आगन्तुक शब्दअन्तर्गत पनि थारु, हिन्दी शब्द बढी मात्रामा प्रयोग गरिएको छ भने थोरै मात्रामा अङ्ग्रेजी भाषाका आगन्तुक शब्दको प्रयोग गरिएको छ। उपन्यासको भाषिक पक्षको विश्लेषण गर्ने क्रममा विचलन पक्षको पनि अध्ययन गरिएको छ। व्याकरणिक, ध्वनितात्विक, अर्थतात्विक आदि विचलनयुक्त भाषाको प्रयोगले उपन्यासको भाषिक सौन्दर्य वृद्धि भई बोधगम्य बन्न पुगेको देखिन्छ। यस उपन्यासमा भाषिक विचलन बढी मात्रामा भएको पाइन्छ। त्यसैगरी आन्तरिक र बाह्य समानान्तरताको समुचित प्रयोगले गर्दा उपन्यासको भाषा सार्थक बन्न पुगेको छ।

# अध्याय पाँच : निष्कर्ष, सुझाव तथा उपयोगिता

## ५.१ निष्कर्ष

'सखी' एउटा थारु कमलरी केटीको सङ्घर्षको गाथा हो । साथै सभ्य, सङ्घर्षशील जीवन बाँचिरहेको सिंगो थारु समुदायका जीवनको चित्रण हो ।' यसमा पहाडबाट तराई झरेर त्यहाँको स्थानीय समुदायसँग घुलमिल भएको एक युवकको कथा समेटिएको छ । जोशीले आदिम संस्कृति धानेका थारु समुदाय जो आफ्नो माटोलाई पूजा गरेर माटोमै सङ्घर्ष गरेका धर्तीपुत्रको कथाले आफूलाई छोएको र त्यसैलाई 'सखी' मार्फत बाहिर ल्याउने प्रयास गरेको बताएका थिए । यो समुदाय जमिनदारको रबैयाले कसरी कमैया, कमलरी हुन पुग्थे, थारु केटीहरूले कस्तोसम्म दुःख पाउँछन्, कमैया मुक्ति आन्दोलनको उठान कसरी भयो, माओवादीहरूले कसरी थारु समुदायलाई आफ्नो पकडमा लिए भन्ने जस्ता राजनीतिक द्वन्द्व आदि यस उपन्यासमा रहेको छ ।

उपन्यासकी मुख्य पात्र थारु समुदायको कमलरी केटी किस्मती चौधरी हो । जसको वरिपरि पूरै उपन्यास घुमेको छ । गाउँमा जमिनदार तथा धनीमानीले कस्तो रबैया अपनाउँथे भन्ने कुराको चित्रण सुन्दर ढंगबाट प्रस्तुत गरिएको छ । विषालु च्याउ खाँदा बुवाबाहेक पूरै परिवार मर्छन् । बुढेसकालमा उसको बुवाले दोस्रो विवाह गर्छ । कान्छीबाट किस्मतीको जन्म हुन्छ । छोरी जन्मिँदा पालनपोषण गर्न नसक्दा बुवाले चौबाटोमा छोडिदिन्छ । १ जना मुसलमानले भेटाएर पहाडी समुदायका व्यक्तिलाई त्यो छोरी बेचिदिन्छ । उसले आफ्नो घरमा लगेर कमलरी बनाउँछ । कमरा, कमैया, हरिया, कमलरी राख्ने, किन्ने प्रचलनबारे यो उपन्यासमा वस्तुनिष्ट तबरले विश्लेषण गरिएको छ । यस उपन्यासमा एक कमलरी कसरी सामाजिक अभियन्ताको रूपमा उदाउँछिन् र समाजसेवी बनेर सर्वोत्कृष्ट पुरस्कारले सम्मानित हुन्छिन् ।

थारुहरू कमलरी र कमैया आन्दोलनमा उत्रदा भोकै बस्नुपरेको वाध्यता उता जमिन्दारहरूको खेत बाँझै हुँदाको वास्तविक अवस्थाका बारेमा पनि सखी उपन्यासमा वर्णन गरिएको छ ।

प्रस्तुत अध्ययन 'सखी' उपन्यासको शैलीवैज्ञानिक अध्ययनमा केन्द्रित रहेको छ । शैली भन्नाले भाषा वा भाव अभिव्यक्तिको तरिका भन्ने बुझिन्छ । प्रस्तुत उपन्यासको कथानकको विश्लेषण फ्रेटागको पिरामिडको आधारमा गरिएको छ भने पात्रहरूको शैलीवैज्ञानिक आधारमा विश्लेषण तथा वर्गीकरण गरिनुका साथै उपन्यासमा उपयोग गरिएको भाषाको चयन, विचलन र समानान्तरताका आधारमा विश्लेषण गरिएको छ । यो उपन्यासको कथानक क्रमबद्ध ढाँचामा प्रस्तुत भएकाले आदि मध्य र अन्त्यको क्रम मिलेको देखिन्छ ।

यस उपन्यासको कथानकको विकासक्रम फ्रेटागको पिरामिडबाट (चिनारी, सङ्घर्षविकास, चरम, सङ्घर्षह्रास र उपसंहार) आधारमा विश्लेषण गरिएको छ। प्रस्तुत उपन्यास सुदूर पश्चिमका धेरैलाई समेट्दै धनगढीसम्म पुगेको परिवेश समेत आएका छन्। यसलाई सामाजिक यथार्थवादी उपन्यासका रूपमा लिन सकिन्छ।

प्रस्तुत अध्ययन कार्य सम्पन्न गर्नका लागि शैलीवैज्ञानिक अध्ययनसँग सम्बन्धित विभिन्न समालोचनात्मक ग्रन्थहरू, शोधपत्रहरू, शैली विश्लेषणसम्बन्धी लेख रचना आदिको सहयोग लिइएको छ। यस अध्ययन गुणात्मक प्रकृतिको अध्ययन भएकाले प्रमुख विधिका रूपमा पुस्तकालयीय विधि प्रयोग गरी वर्णनात्मक पद्धति मार्फत् अध्ययन कार्य सम्पन्न गरिएको छ। तथ्याङ्क सङ्कलन स्रोतका प्राथमिक र द्वितीयक स्रोतको प्रयोग गरिएको छ। प्राथमिक स्रोतका रूपमा 'सखी' उपन्यास र द्वितीयक स्रोतका रूपमा शैलीविज्ञानसम्बन्धी पूर्व अनुसन्धानका निष्कर्ष, विभिन्न लेख रचनाको प्रयोग गरिएको छ।

प्रस्तुत 'सखी' उपन्यासमा भाषिक चयन अन्तर्गत तत्सम, तद्भव, आगन्तुक र अनुकरणात्मक शब्दमध्ये तुलनात्मक रूपमा तत्सम शब्दको बाहुल्यता बढी देखिन्छ। यसमा नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, निपात, संयोजक, विस्मयादिबोधक आदि शब्दहरूको समष्टिगत प्रयोगले गर्दा उपन्यासको भाषा आकर्षक र प्रभावकारी बन्न पुगेको देखिन्छ। त्यसैले गर्दा यिनै आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गरिएको छ। यस उपन्यासमा ठाउँ-ठाउँमा उखानटुक्काको पनि प्रसङ्ग अनुकूल प्रयोगले उपन्यासको भाषा मिठासपूर्ण र आस्वादनीय बन्न पुगेको देखिन्छ। त्यस्तै विचलन अन्तर्गत पनि व्याकरणिक, ध्वनिप्रक्रियात्मक, भाषिक र सादृश्यगत विचलन आदिका आधारमा 'सखी' उपन्यासको भाषिक विश्लेषण गरिएको छ। अन्य विचलनका तुलनामा भाषिक विचलन बढी देखिन्छ। त्यसैगरी आन्तरिक र बाह्य समानान्तरताले गर्दा उपन्यासको भाषा अनुप्रासयुक्त हुनको साथै सरल, सरस, आकर्षक र प्रभावकारी बन्न पुगेको छ। समग्रमा भन्नुपर्दा 'सखी' उपन्यासमा प्रयुक्त पात्रहरूको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा प्रमुख पात्र र केही सहायक पात्रको मात्र विश्लेषण एवम् अध्ययन गरिएको छ। यस उपन्यासमा किस्मती, मानव, हजुरबा, काका, काकी, कर्णबहादुर, मालती, चित्रबहादुर, हजुरआमा, सुखराम, झुमा, प्रिया, चन्द्र, आशा, चन्द्रलाल, करणसिंह, लाटी दमिनी, कुमारी, निलकण्ठ, मनोरथा, काइँली काकी, हर्कबहादुर, काइँला काका, फिरुलाल, आमा आदि पात्रहरूको प्रयोगमार्फत् उपन्यासको कथावस्तुलाई मूर्त रूप दिने प्रयास गरिएको छ। यी पात्रहरूमध्ये प्रमुख पात्र किस्मती रहेकी छ। पात्रको आधारमा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धताका आधारमा वर्गीकरण गरी विश्लेषण गरिएको छ। यसरी यस 'सखी' उपन्यास, शैलीवैज्ञानिक आधारमा उत्कृष्ट रहेको छ।

## ५.२ सुझाव

प्रस्तुत 'सखी' उपन्यासको शैलीवैज्ञानिक अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निबन्ध अनुसारका सुझावहरू बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

१. उपन्यासमा कथावस्तुको प्रस्तुत गर्ने शैली अलि क्रमबद्ध ढाँचामा नभएको,

२. उपन्यासमा पात्रहरूको प्रयोग आवश्यक मात्रामा मात्र हुनुपर्ने,

३. भाषिकारहित अर्थात् नेपाली भाषाको मात्र प्रयोग गरी उपन्यास लेखिनुपर्ने,

४. उपन्यासमा सरल भाषाको प्रयोग गरी पात्रहरूको चित्रण गरिनुपर्ने,

५. उपन्यासमा व्याकरणिक एवम् ध्वनि प्रक्रियात्मक विचलन जस्ता विचलनहीन भाषाको प्रयोग मार्फत् कृति सिर्जना गर्नुपर्ने,

६. उपन्यासमा कुनै पनि कृतिको रचना गर्दा शैलीवैज्ञानिक अध्ययन हुन सके कृतिमा प्रयुक्त भाषिक विशिष्टताको जानकारी प्राप्त गर्न सकिने हुँदा यसलाई प्रोत्साहित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्ने,

७. पाठ्यक्रम निर्माताहरूले पनि औपन्यासिक कृतिलाई पाठ्यक्रममा समावेश गरी सबैले बुझ्ने खालको पठनपाठनको व्यवस्था मिलाउनुपर्ने,

८. उपन्यासमा कृति लेखक वर्गले आम पाठक वर्गलाई ध्यान दिएर सरल र सहज भाषाशैलीमा कृति सिर्जना गर्नुपर्ने,

९. पाठ्यक्रमका नीति निर्माणकर्ताहरूले विद्यालय तथा विश्वविद्यालय तहका पाठ्यक्रममा आख्यानात्मक विधाहरूलाई बढी मात्रामा समावेश गर्न सकिने नियमको व्यवस्था मिलाउनुपर्ने,

१०. उपन्यासमा काव्यकृति रचना गर्न सभ्य किसिमको भाषाको प्रयोग गरिनुपर्ने,

११. उपन्यास रचना गर्दा कथावस्तुको आधारमा चरित्र चित्रण गरिनुपर्ने,

१२. काव्यकृति लेखक वर्गले चाहेको भाषाशैलीको प्रयोग नगरि पाठक वर्गको भाषा प्रयोग गर्नुपर्ने,

१३. काव्यकृति लेखक वर्गले पनि समकालीन समाजको वास्तविकता एवम् सामाजिक आर्थिक, सांस्कृतिक आदि पक्षको प्रतिबिम्ब उतार्नुपर्ने,

यी माथि उल्लेख गरिएका सुझावहरूलाई ध्यान दिई त्यसतर्फ सचेत हुनु जरुरी देखिन्छ ।

## ५.३ उपयोगिता

शैलीविज्ञान प्रायोगिक भाषाविज्ञानअन्तर्गत पर्दछ र यसले भाषामा विद्यमान रहेको शैलीतत्त्वको व्यवस्थित वर्णन विश्लेषण गर्दछ । शैली विश्लेषणको अध्ययनले शिक्षक, विद्यार्थीलाई साहित्यिक लेखन र अन्य लेखनमा पाइने अन्तरबारे वा दृष्टिकोण प्राप्त हुन्छ । शैली विश्लेषणबाट पाठकवर्गहरूमा साहित्यिक र सिर्जनात्मक क्षमताको विकास गर्न भाषाको सौन्दर्य पक्ष पत्ता लगाउन र भाषिक सम्प्रेषणलाई परिपक्क बनाउन सहयोग गर्ने भएकाले पनि यसको उपयोगिता रहेको छ । वर्तमान समयमा उपन्यासको शैलीवैज्ञानिक अध्ययनलाई महत्त्वका साथ लिने गरिन्छ । शैलीवैज्ञानिक अध्ययनबाट शिक्षक, विद्यार्थी, अनुसन्धानकर्ता समालोचक जस्ता व्यक्तिहरू बढी लाभान्वित हुनेछन् । शैलीवैज्ञानिक आधारमा यस 'सखी' उपन्यासको बारेमा जिज्ञासा राख्नेहरूका लागि र शैलीवैज्ञानिक अध्ययन गर्ने अनुसन्धानकर्ताका लागि उपयोगी हुनेछ । शैलीवैज्ञानिक अध्ययन सम्बन्धी उपयोगितालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### ५.३.१ नीतिगत तह

प्रस्तुत अध्ययन अनुसन्धान कार्यलाई सफल र प्रभावकारी बनाउन निश्चित नीतिनियमहरूको जानकारी हुन अति आवश्यक रहेको देखिन्छ । यस नीति र नियमले गर्दा सही बाटोमा हिँडाउन, आवश्यक सामग्री उपयुक्त तरिकाले प्रयोग गर्न सहयोग मिल्दछ । प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत र स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि यस 'सखी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षक शोधकार्य सम्पन्न गरिएको छ । यस अनुसन्धान कार्यले निम्न नीतिगत तहमा सहयोग पुऱ्याउनेछ :

१. यस अध्ययनले शैलीगत विशिष्टतालाई पाठ्यक्रमभित्र समावेश गर्न सहयोग पुऱ्याउने देखिन्छ ।

२. यस अध्ययनले पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा महत्त्वपूर्ण सहयोग पुऱ्याउन सक्ने देखिन्छ ।

३. यस अध्ययनले शैली विश्लेषणसँग सम्बन्धित पाठ्यपुस्तक लेखनमा सहयोग गर्न सक्ने देखिन्छ ।

४. यस अध्ययनले भाषासम्बन्धी नीति निर्माण कार्यमा सहयोग पुऱ्याउने देखिन्छ ।

५. यस अध्ययनले शब्दकोश निर्माण कार्यमा सहयोग पुऱ्याउने देखिन्छ ।

६. शैक्षणिक व्याकरण निर्माणमा पनि सहयोग पुऱ्याउने देखिन्छ ।

७. साहित्यिक कृतिलाई प्रभावकारी र बोधगम्य बनाउन शब्द, वाक्यहरूको उत्कृष्ट चयन गर्न सहयोग पुऱ्याउने देखिन्छ ।

### ५.३.२ कार्यान्वयन तह

यस अनुसन्धानलाई निम्न तहमा कार्यान्वयन गर्न सकिन्छ :

१. आख्यान विधाको शिक्षणमा यस अनुसन्धानका निष्कर्षहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिन्छ ।

२. सिर्जनात्मक रचनामा रोचकता प्रदान गर्नका लागि, भाषिक चयन, विचलन र समानान्तरताको प्रयोग सुधार ल्याउन पनि यस अनुसन्धानको निष्कर्ष उपयोग गर्न सकिन्छ ।

३. भाषा शिक्षण कार्यमा आख्यान विधाको शिक्षण गर्न निष्कर्षहरूलाई कार्यान्वयन गर्न सकिन्छ ।

४. भाषा शिक्षणमा पनि यस अनुसन्धानका निष्कर्षहरू कार्यान्वयन गर्न सकिन्छ ।

५. शैलीवैज्ञानिक आधारमा कृतिमा समावेश पात्रहरूको वर्गीकरण गर्न सकिन्छ ।

६. शैलीवैज्ञानिक अध्ययन शीर्षक अध्ययन गर्ने अनुसन्धानकर्ताका लागि अनुसन्धानबाट प्राप्त निष्कर्ष प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिन्छ ।

७. शिक्षक विद्यार्थीको पठन, लेखन, तार्किक आदि भाषिक क्षमताको अभिवृद्धि गर्न यस अनुसन्धानको निष्कर्षले आत्मसात् गर्न सकिन्छ ।

८. कक्षा शिक्षणमा यस अनुसन्धानका निष्कर्षहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिन्छ ।

### ५.३.३ आगामी अनुसन्धानका लागि शीर्षकहरू

यस 'सखी' उपन्यासमा केन्द्रित भएर निम्न शीर्षकहरूमा अध्ययन गर्न सकिन्छ :

- 'सखी' उपन्यासमा प्रयुक्त वाक्य चयनको अध्ययन,
- 'सखी' उपन्यासमा प्रयोग भएका चिन्हहरूको अध्ययन,
- 'सखी' उपन्यासमा क्रियापद चयनको अध्ययन,
- 'सखी' उपन्यासमा प्रयुक्त बिम्ब प्रतिकहरूको अध्ययन,
- 'सखी' उपन्यासमा नारी पात्रहरूको अध्ययन ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०६७), **सामाजिक र प्रायोगिक भाषाविज्ञान**, काठमाडौंः रत्न पुस्तक भण्डार ।

आचार्य, कृष्णप्रसाद (२०६७), **साहित्यशास्त्र र नेपाली समालोचना**, कीर्तिपुर : क्षितिज प्रकाशन प्रा.लि. ।

कार्की, सुमित्रा (२०७१), **यमपुरीको महल उपन्यासको शैलीवैज्ञानिक अध्ययन**, कीर्तिपुरः शिक्षाशास्त्र सङ्काय, नेपाली भाषाशिक्षा विभाग, त्रि.वि. ।

घिमिरे, दिनेश र गुरूप्रसाद निउरे (२०७०), **भाषिक अनुसन्धान विधि,** काठमाडौं : सनलइट पब्लिकेसन ।

जोशी, जगन्नाथ (२०७२), **कर्तव्य कथाको शैलीवैज्ञानिक अध्ययन**, कीर्तिपुरः शिक्षाशास्त्र सङ्काय, नेपाली भाषाशिक्षा विभाग, त्रि.वि. ।

जोशी, रामलाल (२०७५), **'सखी' उपन्यास**, काठमाडौं : फाइनप्रिन्ट बुक्स प्रा.लि. ।

ढुङ्गेल, दिनेश (२०५९), **शिरीषको फूल उपन्यासको शैलीवैज्ञानिक अध्ययन**, कीर्तिपुरः शिक्षाशास्त्र सङ्काय, नेपाली भाषाशिक्षा विभाग, त्रि.वि. ।

नेपाल, घनश्याम (सन् २००९), **शैलीविज्ञान**, काठमाडौं : एकता बुक्स हाउस प्रा.लि. ।

नेपाल, छविलाल (२०६३), **लङ्गडाको साथी उपन्यासको शैलीवैज्ञानिक अध्ययन**, कीर्तिपुरः शिक्षाशास्त्र सङ्काय, नेपाली भाषाशिक्षा विभाग, त्रि.वि. ।

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०६९), **सामान्य भाषाविज्ञान**, कीर्तिपुरः सनलाइट पब्लिकेसन ।

पोखरेल, प्रदीप (२०७२), **माउसुली कथाको शैलीवैज्ञानिक अध्ययन**, कीर्तिपुरः शिक्षाशास्त्र सङ्काय, नेपाली भाषाशिक्षा विभाग, त्रि.वि. ।

पौडेल, माधवप्रसाद (२०६९), **प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम**, काठमाडौं : हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

बजगाई, कुमारी (२०७५), **'कर्नाली ब्लुज' उपन्यासको शैलीवैज्ञानिक अध्ययन**, इटहरी, जनता बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषाशिक्षा विभाग, त्रि.वि. ।

बराल, कृष्णहरि र एटम नेत्र (२०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ललितपुर : साझा प्रकाशन ।

भट्टराई, निलादेवी (२०७४), **'ग्रेट फल्स' उपन्यासको शैलीवैज्ञानिक अध्ययन**, इटहरी, जनता बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषाशिक्षा विभाग, त्रि.वि. ।

भण्डारी, पारसमणि (२०५४), **प्रायोगिक भाषा विज्ञानका केही पक्ष**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल (२०६३), **साहित्यशास्त्र र नेपाली समालोचना**, काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि, तुलसीराम घिमिरे र शक्तिराज नेपाल (२०६८), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी सुजाता (२०७०) **मातेको मान्छेको भाषण : मध्यरातपछिको सटकसित कविताको शैलीवैज्ञानिक अध्ययन**, कीर्तिपुरः शिक्षाशास्त्र सङ्काय, नेपाली भाषाशिक्षा विभाग, त्रि.वि. ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६३), **पूर्वीय तथा पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०४८), **शैलीविज्ञान**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।